# अध्याय एक

## १.१. पृष्ठभूमि

नेपाल बहुजातीय, बहुभाषिक बहुसाँस्कृतिक तथा भौगोलिक विविधतायुक्त देश हो । सन् २००१ को जनगणना अनुसार यहाँ १०१ जातजातिहरु रहेका छन् । (केन्द्रीय तथ्यांक विभाग, २००१: ५८) नेपाल सरकारले ५९ थरिका आदिवासी जनजातिहरूको सूचीकरण गरेको छ । नेपालको कुल जनसंख्या मध्ये ३७.१९ प्रतिशत आदिवासी जनजाति छन् भने कुल जनजाति भित्र कुमालहरुको जनसंख्या १.१७ प्रतिशत रहेको छ । कुमाल जातिको जनसंख्या ९९,३८९ अर्थात कुल जनसंख्याको ०.४४ प्रतिशत रहेको तथ्यांकले देखाएको छ । कुमाल जातिको मातृभाषाको आधारमा जनसंख्या ६५३३ मात्रै देखापर्छ (जनगणना, २०५८: ३८) । कुमाल आदिवासी जनजाति अन्तर्गतको सिमान्तकृत समूहको जनजाति हो । राष्ट्रिय स्तरमा कुमालहरुको साक्षरता प्रतिशत कम हुनु सरकारी सेवा प्रवेश, प्रहरी र सैनिक सेवा प्रवेश, शिक्षक र प्राध्यापक सेवा प्रवेशमा कमीका कारणले पनि र २० जनजाति प्राथमिक विद्यालय पाठ्य पुस्तक प्रकाशन हुँदा कुमाल भाषामा नहुनु, छ सय एक जनाको संविधान सभामा कुमाल सभासदहरु तीन जना मात्र हुनु आदि कारणले सम्पूर्ण क्षेत्रमा यिनीहरुको सहभागिता दयनीय छ ।

अष्ट्रोइन्डियन नश्ल अन्तर्गत एक जातिको रुपमा रहेको कुमाल जातिको रुपमा दक्षिण तिरवाट नेपाल प्रवेश गरेका हुन् । तराईका थारु समुदायसँग आकार प्रकार पेशा, व्यवसाय मिल्दोजुल्दो हुने कुमाल समुदायको मुख्य बस्ती नदी किनारमा छन् । चेप्टो नाक, मोटो ओठ आँखा र कपालको रंग कालो हुने, दाह्री जुँगाकम आउने आएपनि पातलो आउने, प्राय श्यामवर्णका चौडा छाति र वलिष्ट शरीर सामान्यतया पाँच फिट देखि साढे पाँच फिटसम्म अग्ला र सरल स्वभावका धनी कुमाल मंगोलियन र भोट बर्मेली दुवै होइनन् । यिनीहरु द्रविण जातिका सन्तान हुन् (विष्ट सन् २०१०: ४९) । त्यसैले भारोपेली खलकको अर्धमागदी प्राकृतबाट विकसित भएको भाषा प्रयोग गर्छन (पोखरेल बि.सं. २०६०, ३५) । यिनीहरुको भाषा कसैले आग्नेली परिवारको मान्दछन् बोटे, दरै, थारु र दुनुवारसँग सन्निकट कुमाल भाषा नेपाली, भोजपुरी र अवधि भाषाका मिल्दा जुल्दा विशेषता देखिन्छन् (बिष्ट सन २०१०: ४७) ।

माटाका भाँडा बनाउने, माछा मार्ने कुमालको पुर्ख्यौली व्यवसाय हो । तर हाल यस्तो व्यवसाय लोप हुँदै गएको अवस्थामा छ । कृषि मजदुरी, अन्य मजदुरी र सेवा आदि तिर पनि यो जाति लागेको पाइन्छ । यो अल्पसंख्यक पछौटे जातिको रुपमा रहेको छ । आफ्नै भाषा, संस्कृति, रितिरिवाज र प्रचलन रहेको यो जाति करीव ७० जिल्ला गोर्खा लमजुङ तनहुँ, चितवन, नवलपरासी, अर्घाखाँची, स्यांजा,लमजुङ, कास्की, पाल्पा, दाङ्ग, प्युठान, धादिङ, नुवाकोट आदिका कुमाल वस्तीहरु दक्षिणतिर फर्केका सुख्खा जमिनहरु र टारहरुमा पाईन्छन् (नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान वि.सं. २०४९, ३) । भूमिपुत्र जातिले आफ्ना जमिन गुमाउँदै जाँदा आफ्नो पैत्रिक पेशा माटाका भाँडा बनाउने र बेच्ने, माछा मार्ने व्यवसाय आदिका कारण जिविकोपार्जन गर्न नसके पछि हाल अरुकै जग्गामा अधिया कमाई गर्ने, अरु-अरुको घरमा हलिया गर्ने, बाँधा मजदुर बनेर विपन्नताका साथ जीवन गुजार्न वाध्य छन् (नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान वि.सं. २०४९, ५) ।

शाव्दिक हिसाबमा अध्ययन गर्दा कुमाल शव्द संस्कृत शव्द कुम्भकार (जसको अर्थ माटाका भाँडा बनाउने हुन्छ) । अपभ्रंश हुँदै कुम्हार, कुमार हुँदै कुमाल भएको पाईन्छ । नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा प्रकाशित नेपालको वृहत शव्दकोषमा कुमाल उल्लेख नभै कुमाले शव्दको परिभाषा दिएको छ । जसको परिभाषामा माटाका भाँडा बनाउने, एक जाति कुम्भकार, कुम्हाल पनि भनिएको छ (त्रिपाठी र दाहाल, वि.सं. २०५५ २५०) । माटाका भाँडा बनाउने पेशा धेरै पुराना भएकाले पेशालाई वैज्ञानिक र आधुनिकीकरण नबनाउनाले उनीहरुको आर्थिक स्थिति अत्यन्त कमजोर रहेको छ । २०% कुमाल त भूमिहीन पाईन्छन् । यो समयसम्म आईपुग्दा कुमालको मुख्य पेशा खेती गर्ने र पशुपालन भएको देखिन्छ । ५% ले मात्र पुरानो पेशा अँगालेका छन् । नदी किनारका टारमा वसोबास गरे पनि उनीहरु आफ्नो धन सम्पत्ति र जग्गा जमिनबाट विस्तारै विमुख भएकाले आर्थिक स्थिति अत्यन्त कमजोर बन्दै गएको देखिन्छ (ज्ञवाली वि.सं. २०६३, १८६) । कुमालको प्रसिद्ध नाँच झ्याउरे, पाउँदुरे, सोरठी केही ठाउँमा बाहेक धेरै ठाउँबाट लोप भईसकेको छ । यिनीहरु धामी झाक्रीमा वढी विश्वास गर्छन् । पूजा गरेर देवता खुसी पार्न सकिन्छ भन्ने विश्वास यिनीहरुमा पाईन्छ । विशेषत दशैं, तिहारमा गरिने पूजा बाहेक आइतबारे पूजा, भँगेरी पूजा, चण्डीपूर्णे पूजा मुख्यतः संस्कारको रुपमा रहेको पाईन्छ । आफ्नो भट्टीमा राखेका माटाका भाँडाहरु नफुटुन र राम्ररी पाकुन भनेर समाजमा अनौठो र अपत्यारिलो अवफाह फैलाएमा सबै भाँडा वर्तन नफुटिकनै पाक्दछ भन्ने रुढीवादी परम्परामा विश्वास गरेको पाईन्छ । बोक्सी, टुनामुनामा बढी विश्वास गर्ने यिनीहरु आफू मध्येबाटै धामी र बोक्सीको आरोप प्रत्यारोप गर्छन । अन्तनिर्भरताको लागि पर्म प्रथा प्रचलनमा रहेको पाईन्छ ( शर्मा वि.सं.२०४३ः १३) ।

सन् १९९१ को तथ्याङ्क अनुसार कुमालहरुको साक्षरता ३०% रहेकोमा सन २००१ मा ४९% भएको पाइन्छ । जबकि राष्ट्रिय साक्षरता ५४% रहेको थियो । अर्को तथ्याङ्कअनुसार प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गर्ने कुमालको संख्या ०.४ प्रतिशत मात्रै रहेको छ (नेपाल कुमाल समाज सुधार समिति वि.सं. २०६२ : ९ र १०) ।

सन् २००१ को कुमालहरुको उच्च शिक्षाको तथ्याङ्क हेर्दा यस जातिबाट वि.सं. २०४८ मा केवल २० जनाले स्नातक गरेको देखिन्छ । सो को दशकपनि वि.सं. २०५८ मा १४८ जनाले स्नातक गरेको देखिन्छ (गुरुङ्ग, वि.सं. २०६६ : ५४) । वि.सं. २०६६ सम्ममा करिब आधा दर्जन कुमाल महिलाले मात्र स्नातकोत्तर गरेका छन् । कुमाल समाज सुधार समितिले वि.सं. २०६२ मा गरेको एक अध्ययन अनुसार कुमाल बालबालिकाहरु विद्यालय नजानुको कारण मध्ये बाबुआमाले नचाहेर विद्यालय नजानेहरुको प्रतिशत सबैभन्दा धेरै रहेको छ । त्यस्तै घरमा काम सघाउनु परेर विद्यालय जान नपाएको तथा विद्यालय शिक्षा महंगो भएर नजाने भन्नेहरु न्यून संख्यामा रहेको पाइयो । प्राथमिक तहमा कुमाल बालबालिकाहरुको उपस्थिति सन्तोषजनक रहेको पाइएता पनि कक्षा चढ्ने क्रमसँगै कक्षा छाड्नेहरुको उल्लेखनीय बृद्धि भएको देखिन्छ । विदेश कमाउन जाने कुमालहरुको कमाईले राम्रा विद्यालयमा पढाउने हैसियत हुनेले पनि छोराछोरीको शिक्षामा खासै ध्यान दिएको देखिँदैन । कुमाल बालबालिकाहरुको विद्यालय जाने क्रम बढेको छ तापनि कम युवाले मात्र उच्च शिक्षा सम्म प्रवेश पाएका छन् । जागिरे तहमा छिर्ने शिक्षा कुमाल युवाहरुले प्राप्त गर्न सकेका छैनन् । पुर्ख्यौली पेशागत सीप विर्सदै जानु तथा पाएको शिक्षाले नयाँ काम नदिनाले उनीहरु अझ जाखिमपूर्ण अवस्थामा छन् (भुर्तेल र क्षेत्री सन् २००६ः २५) ।

नवौं पञ्चवर्षीय योजनामा शिक्षा सम्बन्धी अवधारणामा शिक्षाबाट वञ्चित पिछडिएको वर्ग जनजाति दुर्गमस्थानमा बसोबास गर्ने विपन्न एवं सामाजिक मूलधारबाट अलग रहेका विभिन्न समुदायमा समेत आधारभूत शिक्षा पुऱ्याइने छ र राष्ट्रिय मूल प्रवाहमा सबैलाई समेटिने छ भनी उल्लेख गरिएको पाईन्छ । उक्त योजनाले शिक्षामा महिला सहभागिता बृद्धि गर्ने, शिक्षामा गुणस्तर कायम गर्ने, पाठ्यक्रमको आन्तरिक र वाह्य परिस्थिति अनुसार सुधार गर्ने शैक्षिक वेरोजगारी हुन नदिन सान्दर्भिक र आवश्यकता केन्द्रित शिक्षा प्रदान गर्ने जस्ता कुराहरु पनि उल्लेख गरिएको थियो । यसैगरी दशौं योजनामा प्राथमिक शिक्षा सर्वसुलभ बनाउने, लक्षित समुदाय ( महिला, पिछडिएका जनजाति, दलित) लाई केन्द्रित गर्दै साक्षरता र अनौपचारिक शिक्षा जस्ता कार्यक्रम सञ्चालन गर्ने सबैमा शिक्षाको पहुँच पुऱ्याउन विकेन्द्रिकरण रणनीति अवलम्बन गर्ने जस्ता कुराहरु उल्लेख गरिएको पाइन्छ ।

नेपालले सन् १९९० मा थाइल्याण्ड जोम्टीनमा भएको सबैका लागि शिक्षा विषयक विश्व सम्मेलन र न्युयोर्क भएको बालबालिकाको निम्ति विश्व शिक्षा सम्मेलनको घोषणा प्राप्त प्रतिवद्धता जनाइ हस्ताक्षर गरेको छ । त्यसै अनुसार सन् १९९० को दशकमा तय गरेको राष्ट्रिय कार्ययोजना सन् २००० सम्म भर्नादर ३१% वाट शत प्रतिशत पुऱ्याउने, प्राथमिक तह पूरा गर्ने २७ प्रतिशतवाट ७० प्रतिशत पुऱ्याउने लक्ष्य राखेको थियो (अधिकारी,सन् २०११ : ६२) । यसैगरी "सबैका लागि शिक्षा अभियान" को उपलब्धीको पुनरावलोकन गर्नको लागि सन् २००० को अप्रिलमा सेनेगलको राजधानी डकारमा बसेको विश्व शिक्षा मञ्चको बैठकले "सबैका लागि शिक्षा हाम्रो सामुहिक प्रतिवद्धता" लक्ष्य प्राप्त गर्नु पर्ने कुरालाई अंगिकार गर्दै सबैका लागि शिक्षाको निम्ति सन् २०१५ सम्मको लागि ६ वटा लक्ष्य निर्धारण गरेको थियो भने नेपालले देशको भाषिक अल्पसंख्यक जनताले आ-आफ्नो मातृभाषाको माध्ययमबाट आधारभूत र प्राथमिक शिक्षा प्राप्त गर्न पाउने अधिकार सुनिश्चित गरेको छ (अधिकारी,सन् २०११ः ६२५) । नेपालको अन्तरिम संविधान २०६३ को धारा ३५ को उपधारा १० मा शिक्षा स्वास्थ्य आदिमा निश्चित समयका लागि आरक्षणको व्यवस्था गरी आर्थिक, सामाजिक रुपले पिछडिएका आदिवासी जनजाति लगायत सिमान्तकृत समुदाय तथा गरीब मजदुर किसानको उत्थान गर्ने नीति राज्यले अवलम्बन गर्ने व्यवस्था छ । यस्ता समुदायका लागि सकारात्मक विभेदको विशेष व्यवस्था गर्ने नीति पनि धारा ३५ को उपधारा १४ मा व्यवस्था गरिएको पाइन्छ ।

नेपाल सरकारले ५९ जनजातिलाई सूचीकृत गरेको छ, जसमा कुमाल पनि एउटा सूचीकृत जनजाति हो । शैक्षिक सत्र २०६७ देखि सरकारले दलितहरुलाई शिक्षामा पहुँच बढाउन सबैलाई निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति र खाजा उपलब्ध गराएको छ । तर कुमाल जनजातिलाई शैक्षिक पहुँच वढाउन र विद्यालय शिक्षामा प्रोत्साहन दिनको लागि छुट्टै विशेष छात्रवृत्ति छुट्टाएको देखिंदैन । आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले लोपोन्मुख जनजातिको शैक्षिक क्षेत्रमा पहुँच बढाउन १० जातिलाई शिशु कक्षा देखि पि.एच.डी.सम्मको छात्रवृत्ति प्रदान गर्न शुरु गरेको भएता पनि कुमाल जनजातिको लागि छात्रवृत्ति प्रदान गरेको देखिंदैन (आदिवासी जनजाति बुलेटिन, पुस वि.सं. २०६५ : १५) । वि.सं. २०५४ सालमा डा. रामावतार यादवको संयोजकत्वमा गठित ५ सदस्यीय राष्ट्रिय भाषामा प्राथमिक शिक्षा समितिले २० भाषामा छनौट गरी पाठ्यक्रम पाठ्यपुस्तकको तयारी गरी मातृभाषा शिक्षाको कार्यान्वयन समय तालिका प्रस्तुत गरेपनि कुमाल भाषाको पाठ्यपुस्तकको कुरै गरेको छैन । पाठ्यक्रम

विकास केन्द्रले विभिन्न मातृभाषाका पाठ्यपुस्तक तयार गरेको मध्ये कुमाल भाषा परेन । बालसन्दर्भ सामग्री पनि कुमाल मातृभाषामा तयार भएको छैन (शिक्षा, वि.सं. २०६४ : ९२) ।

यस प्रकार शैक्षिक क्षेत्रमा विकास भएका आधुनिक प्रवृतिहरु आधारभूत आवश्यकता, सबैका लागि शिक्षा, मानवअधिकार, बाल अधिकार, शान्तिका लागि शिक्षा, खुल्ला सिकाई, पिछडिएका समूहका लागि शिक्षा, आर्थिक लगानीका रुपमा शिक्षा, राष्ट्रिय एकता र अन्तराष्ट्रिय साझेदारीको रुपमा शिक्षा जस्ता धारणाको विकास भएबाट पनि शिक्षालाई सबैको पहुँचमा पुऱ्याउनु पर्छ भन्ने मान्यताको विकास भएको कुरा प्रष्ट हुन्छ । जे होस शिक्षामा सबैलाई सहभागी बनाउन राष्ट्रिय एवं अन्तराष्ट्रिय तवरबाट औपचारिक वा अनौपचारिक तरिकाबाट विभिन्न प्रयास गरिए पनि नेपालका दलित, गरीब आदिवासी र सिमान्तकृत वर्गका समस्याहरुमा खासै परिवर्तन ल्याउन सकेको अवस्था छैन । अन्य जनजातिको तुलनामा कुमाल बालबालिका शिक्षाको सुनौलो अवसरबाट वञ्चित छन् ।

माटाका भाँडा बनाउने, माछा मार्ने पेशा गर्दै आएका कुमालहरु दयनीय आर्थिक अवस्थाले जीवन गुजार्नका लागि विवाहमा डोला बोक्ने, भारी बोक्ने, हलिया बस्ने, अँधिया कमाई गर्ने र केटाकेटीहरुलाई रोजगारीको खोजी गर्दै घरलु मजदुरीको समेत काममा संलग्न हुँदा उनीहरुको शैक्षिक पहुँच अति कमजोर देखिन्छ । यो अवस्था अर्घाखाँची जिल्लामा पनि छ । वि.सं. २०४८ मा अर्घाखाँची जिल्लामा ३९% साक्षरता हुँदा कुमालको साक्षरता ३०.७% रहेको पाइन्छ भने वि.सं. २०५८ मा ५६% जनसंख्या साक्षरता हुँदा कुमालको साक्षरता ४४% मात्र देखिन्छ (जनसंख्या प्रोफाइल वि.सं २०६५ : ४६) । कुमाल जातिको संख्यात्मक शैक्षिक अवस्था, विद्यालय नजानुका कारण र विद्यालय जान बाधा पुऱ्याउने तत्व हटाउने उपायको खोज गर्ने उद्देश्यले यो विषय अनुसन्धानको लागि छनोट गरिएको छ ।

**१.२. समस्याको कथनः**

नेपाल सरकारले ५९ जनजाति सूचीकरण गरेको छ । यस जनजातिको क्रमाङ्क २ मा पर्ने कुमाल समुदाय देशकै ७० जिल्लामा फैलिएर बसेका पाईन्छन् । विभिन्न जिल्लामा कुमाल समुदायमा सिमीत रहेर गरिएका अध्ययनहरुले सामाजिक, आर्थिक, पेशागत अवस्था सम्बन्धी अध्ययन गरेको पाइयो । तर कुमालहरुको शैक्षिक पहुँच सम्बन्धी अध्ययन गरेको कमै पाइयो । अझै शिक्षाको जगको रुपमा रहेको प्राथमिक शिक्षामा कुमाल बालबालिकाहरुको पहुँच सम्बन्धी अध्ययन गरेको पाइएन । अर्घाखाँची जिल्लाका ४२ गाउँ विकास समिति मध्ये २ वटा गाउँ विकास समितिमा रहेको वलेवाङ्ग गाउँ पाली गाउँ विकास समिति वडा नं. ९ र वाङ्गला गाउँ विकास समित वडा नं. ९ मा पर्छ । यो गाउँमा बसोबास गर्ने कुमालहरुको बीचमा वलेवाङ्ग प्राथमिक विद्यालय र छेउछाउँमा अन्य २ वटा विद्यालयहरुमा उनीहरुले अध्ययन गरेको पाइयो । वलेवाङ्ग गाउँमा बसोबास गर्ने कुमाल समुदायहरुको प्राथमिक विद्यालय पहुँच के-कस्तो छ भनी अनुसन्धान गर्नु आजको आवश्यकता हो । त्यसैले प्रस्तुत अध्ययनमा कुमाल बालबालिकाहरुको प्राथमिक शिक्षामा पहुँच विषयले अर्घाखाँची जिल्लाको वाङ्गला गाउँ विकास समिति वडा नं. ९ र पाली गाउँ विकास समिति वडा नं. ९ को वलेवाङ्गमा बसोबास गरेका कुमाल समुदायमा सिमीत रहेर निम्न प्रश्नहरुलाई समस्याहरुको रुपमा लिई अध्ययन गरिएको थियो ।

- कुमाल समुदायका अभिभावकहरुको शैक्षिक अवस्था के कस्तो छ ?
- प्राथमिक तहमा शिक्षा हासिल गर्ने संख्या कति छ ?
- महिला र पुरुषको साक्षरता प्रतिशत के छ ?
- कुमाल समुदायका प्राथमिक उमेरका के कति संख्यामा बालबालिका विद्यालय गएका छन् ?
- के कति बालबालिका प्राथमिक विद्यालय बाहिर छन् ?
- विद्यालय नजानुको कारणहरु के-के हुन् ?
- कुमाल समुदायको शैक्षिक अवस्थामा सुधार ल्याउन कस्ता कस्ता प्रयासहरु भएका छन् वा छैनन् ?
- विद्यालय भर्ना भएका बालबालिका नियमित रुपमा विद्यालय जान्छन् कि जाँदैनन ? जाँदैनन् भने किन जाँदैनन् ?
- कुमाल बालबालिकालाई शिक्षामा पहुँच बढाउन के कस्ता उपायहरु अपनाउनु पर्ला ?

### १.३. अध्ययनको औचित्यः

कुनै पनि समाजको विकासको प्रमुख आधार तथा मेरुदण्ड शिक्षा हो । शिक्षाको समग्र विकासको लागि कुनै पनि गाउँ वा समाजमा रहेका सम्पूर्ण जातजाति, भाषाभाषी, धर्म संस्कृति भएका व्यक्तिहरुको शैक्षिक क्षेत्रमा संख्यात्मक एवं गुणात्मक बृद्धि हुनु आवश्यक छ । तर नेपालमा विद्यालय जाने उमेर पुगेका विभिन्न जनजाति र जातजातिका बालबालिकाहरु विभिन्न कारणले गर्दा विद्यालयमा भर्ना नहुने र भर्ना भइहाले पनि बीचैमा कक्षा छाड्ने गरेको पाइन्छ । त्यसैले शैक्षिक क्षेत्रमा देखिएका विभिन्न समस्याहरु पत्ता लगाइ त्यस्ता समस्याको समाधान गर्न सकेमा मात्र शिक्षाको समग्र विकास भई समाज र राष्ट्र नै विकसित हुन्छ ।

यो अध्ययनले अर्घाखाँची जिल्लाको वाङ्गला गा.वि.स. वडा नं. ९ र पाली गा.वि.स. वडा नं. ९ मा पर्ने वलेवाङमा रहेका कुमाल समुदायको शैक्षिक अवस्था बारेमा अध्ययन गरेको छ । त्यसैले यस अध्ययन पश्चात प्राप्त नतिजाले निम्न कुरामा फाइदा पुऱ्याउने देखिन्छ ।

- अध्ययन क्षेत्र भित्र रहेका कुमाल समुदायको शैक्षिक अवस्थाबारे जानकारी प्राप्त हुन्छ ।
- कुमाल जातिका शैक्षिक समस्याका जानकारी प्राप्त हुन्छ ।
- कुमाल जातिको शिक्षामा पहुँच बढाउनको लागि आवश्यक नीति तथा योजना निर्माण गर्न गा.वि.स.लाई मार्गदर्शन गर्छ ।
- कुमाल समुदायप्रति चासो राख्ने विभिन्न व्यक्ति तथा संस्थालाई जानकारी प्राप्त हुन्छ ।
- यो जनजातिको उत्थान र विकासका लागि संवद्ध संस्थाहरुलाई सहयोग पुग्छ ।
- वढी भन्दा वढी बालबालिकाहरुलाई विद्यालयमा सहभागी गराउन समाज तथा शिक्षकले खेल्नुपर्ने भूमिकाको लागि सहयोग पुग्ने अपेक्षा गर्न सकिन्छ ।

**१.४. अध्ययनको उद्देश्यः**

कुनै पनि कार्यको लागि निश्चित उद्धेश्य हुने गर्दछन् । त्यसैले यस विषयका लागि पनि निम्न उद्धेश्यहरु तय गरिएको थियो ।

क) कुमाल बालबालिकाहरुको प्राथमिक विद्यालयमा पहुँचको स्थिति पत्ता लगाउनु ।

ख) अन्य जातिको विद्यार्थीको दाँजोमा कुमाल विद्यार्थीको कक्षा उपस्थिति, क्रियाकलाप र शैक्षिक उपलब्धीको अवस्था पहिचान गर्नु ।

ग) कुमाल बालबालिकाहरुको प्राथमिक शिक्षामा पहुँच कमी हुनाका कारणहरु पत्ता लगाउने ।

**१.५. अध्ययनको सीमाङ्कनः**

यो अध्ययनको सिमा निम्न लिखित रहेको छ :

- अर्घाखाँची जिल्लाका दुई वाङ्गला गा.वि.स. वडा नं. ९ र पाली गा.वि.स. वडा नं. ९ मा पर्ने वलेवाङमा बसोबास गर्ने कुमाल बालबालिकाहरुमा मात्र सिमित रहेको छ ।
- कुमाल बालबालिकाको प्राथमिक विद्यालयमा पहुँच पुऱ्याउन बाधा पुऱ्याउने तत्व र ती तत्वहरु हटाउने उपायको खोजीको लागि कुमाल समुदायका बालबालिकाको शैक्षिक अवस्थासँग सम्बन्धित सरोकारवालाहरु, अभिभावक, शिक्षक र विद्यालयहरुमा सिमित रहेको छ ।
- नमूना छनौटमा कुमाल समुदायलाई अध्ययन गर्ने ३ वटा विद्यालय श्री वलेवाङ्ग प्राथमिक विद्यालय, श्री गोपेश्वर प्राथमिक विद्यालय र श्री मथुरा निम्न माध्यमिक विद्यालयमा अध्ययनरत १०/१० जना कुमाल विद्यार्थीहरु लक्षित समूह छुट्टयाइयो, २/२ जना शिक्षक/ शिक्षिका, १/१ जना प्रधानाध्यापक र छोरा-छोरी विद्यालय पठाउने ५ जना तथा छोरा-छोरी विद्यालय नपठाउने ५ जना अभिभावकमा सिमीत रही नमूना संकलन गरिएको थियो ।
- ३ वटा विद्यालयको दस्तावेज अध्ययन गरी विद्यार्थी भर्ना, उपस्थिति, सहभागिता, उपलब्धीमा सीमित रही अध्ययन गरिएको थियो । विद्यार्थी र अभिभावकलाई प्रश्नावली तथा शिक्षक, प्रधानाध्यापकसँग अन्तरवार्ता गरिएको थियो ।

# अध्याय दुई

## पूर्व साहित्यको पुनरावलोकन

### २.१. सन्दर्भ साहित्यको पुनरावलोकनः

शिक्षा जीवनको अभिन्न अंग हो । शिक्षाले नै मानव जीवनलाई सार्थक र उपयोगी बनाउँछ । आजका बालबालिकाहरुलाई उपयुक्त, गुणस्तरीय र जीवनोपयोगी शिक्षा प्रदान गर्न सकेमा मात्र समाज र राष्ट्रले विकासको काँचुली फेर्न सक्दछ । तसर्थ शिक्षामा मानव मात्रको मौलिक हकका रुपमा नेपालको अन्तरिम संविधान २०६३ मा राखिएको छ । शिक्षामा राज्य, व्यक्ति र परिवार सबैको लगानी अपरिहार्य छ । शैक्षिक लगानीमा व्यक्ति वा परिवारको आय स्तरले पनि प्रभाव पार्दछ । सरकारले निःशुल्क सर्वसुलभ शिक्षाको नीति अवलम्बन गरे पनि सबैको पहुँच शिक्षामा पुगेको पाइँदैन । अर्को तिर लक्षित समूहमा विद्यमान पुरानो सोच र परम्पराको कारण कार्यक्रमले पनि खासै उल्लेखनीय प्रभाव पार्न सकेको छैन । त्यसैले समस्याको जरो पत्ता लगाउनु र त्यसै अनुसार समस्या समाधानका उपायहरुको व्यवहारिक रुपमा कार्यान्वयन गर्नु आजको आवश्यकता हो ।

कुमाल समुदाय अल्पसंख्यक जनजाति हो । यो अध्ययनले पनि ती कुमाल जनजातिका बालबालिकाहरुको प्राथमिक शैक्षिक पहुँचको बारेमा अध्ययन गर्ने योजना बनाएकोले केही व्यक्ति तथा आयोगले गरेको अध्ययनको बारेमा संक्षेपमा पुनरावलोकन गरियो । श्रोत सामग्री (वि.सं. २०५३: १८७) मा प्राथमिक शिक्षाको गुरु योजना २०४७ देखि २०५७ सम्म के-के गर्ने भन्ने योजना बनाएको थियो । यसले आधारभूत तथा प्राथमिक शिक्षामा सुधार ल्याउने उद्देश्य प्राप्तिका लागि आधारभूत तथा प्राथमिक शिक्षामा पहुँच र सहभागिता बढाउने उपायका लागि औपचारिक शिक्षाको परिपूरकका रुपमा बढाउने उपायका लागि औपचारिक शिक्षाको परिपूरकका रुपमा अनौपचारिक र आधारभूत उपायहरुको विस्तार गर्ने, कम मात्र छात्रा भर्ना भएका जिल्लामा छात्रा विद्यालय स्थापना गर्ने, दुर्गम क्षेत्रका विद्यार्थी, छात्रा र सुविधा विहीनहरुका लागि छात्रवृत्ति, महिला शिक्षिकको संरचनामा वद्धि, ग्रामिण र सामुदायिक अध्ययन केन्द्रहरु मार्फत सामग्रीमा पहुँच वृद्धि गर्ने । प्राथमिक तहमा उदार कक्षोन्नतीको व्यवस्था गर्नुपर्ने, प्राथमिक विद्यालयको स्तर सुधारका लागि गाउँ विकास समिति, नगरपालिका र विद्यालय व्यवस्थापन समितिलाई सक्रिय बनाउने, विद्यालय नक्साङ्कनका आधारमा नयाँ विद्यालय स्थापना गर्ने, सुविधा विहिन समूहमा बस्ने समुदायमा नयाँ विद्यालय खोल्न प्रोत्साहन गर्ने, छात्राहरुलाई दिइने छात्रवृत्ति दरमा सुधार ल्याउने, अनौपचारिक शिक्षा कार्यक्रमको विस्थार र उत्पादनमा गति बढाउन गैर सरकारी संस्थालाई प्रोत्साहन दिने भन्ने र तरिकाहरु बताएको थियो ।

सन् १९९० मा थाइल्याण्डको जोम्तिनमा भएको "सबैका लागि शिक्षा" सम्बन्धी विश्व सम्मेलन र न्यूयोर्कमा सम्पन्न बालबालिकाका निम्ति विश्व शिखर सम्मेलनको घोषणा पत्रमा नेपालले प्रतिवद्धता जनाई हस्ताक्षर गरेको छ । यसका लागि राष्ट्रिय स्तरमा गर्नुपर्ने कार्ययोजना पनि तयार पारेको थियो । सन् २००० को अप्रीलमा सेनेगलको डकारमा सबैका लागि शिक्षा मञ्चको बैठक बसी नेपाल जस्ता देशले विभिन्न कठिनाईको

सामना गर्नु परेको महसुस गरी “सबैका लागि शिक्षा, हाम्रो प्रतिवद्धता” लक्ष्य प्राप्त गर्न निर्माण गरिएको ढाँचाले सन् २०१५ सम्ममा “सबैका लागि शिक्षा”का ६ वटा लक्ष्य निर्धारण गरेको थियो । जसमा सन् २०१५ सम्ममा अल्प संख्यक जनजाति भित्र पर्ने बालबच्चाहरुका लागि स्तरीय एवं निःशुल्क अनिवार्य प्राथमिक शिक्षामा पहुँच र स्तरीय प्राथमिक शिक्षाको सुनिश्चितता, समुचित सिकाई र जीवनोपयोगी सीप सम्बन्धी कार्यक्रमबाट बालबालिका र प्रौढका सिकाई सम्बन्धी आवश्यकता परिपूर्तिमा न्यायोचित व्यवस्था गर्ने, सन् २०१५ सम्ममा प्रौढ साक्षरतामा ५०% सुधार गर्ने, लैङ्गिक असामानता हटाई छात्राहरुको पूर्ण न्यायिक पहुँच सुनिश्चित गर्न शिक्षामा लैङ्गिक समानता कायम गर्ने, मातृभाषाबाट आधारभूत र प्राथमिक शिक्षा सुनिश्चित गर्ने लक्ष्य राखेको थियो ।

एस.एस.आर.पी. जिल्ला शिक्षा कार्यालय अर्घाखाँची (आ.व. २०६७/०६८: ३७)ले विद्यालयमा पहुँचको स्थिति सुनिश्चितताको लागि आधारभूत तहमा विद्यालय उमेरका सबै बालबालिकाहरुलाई विद्यालय भित्र ल्याई आधारभूत शिक्षा उपलब्ध गराउने उद्देश्य परिपूर्तिका लागि भौतिक सुविधा विस्तार, भर्ना अभियान, वैकल्पिक विद्यालय प्रणाली, समाहित शिक्षा, गृहिणी एवं प्रौढ विद्यालयका माध्ययमबाट पहुँचको सुनिश्चितता प्रदान गर्ने र लक्षित समूहका बालबालिकाहरुलाई छात्रवृत्तिको व्यवस्था गर्ने रणनीति लिई विद्यालय स्वागत तथा भर्ना कार्यक्रम सञ्चालन, प्राथमिक शिक्षा विस्तार कार्यक्रम सञ्चालन, समाहित शिक्षा कार्यक्रम सञ्चालन, वैकल्पिक शैक्षिक कार्यक्रम सञ्चालन, भौतिक सुधार कार्यक्रमका क्रियाकलाप गर्ने गरेको थियो ।

नेपालको अन्तरिम संविधान (वि.सं २०६३: ६)ले शिक्षाले मौलिक हकमा व्यवस्था गरी राज्यबाट कानूनमा व्यवस्था भए बमोजिम माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक हुने तथा पत्येक समुदायलाई आफ्नो भाषा, लिपी, संस्कृति र सभ्यताको संरक्षण र संवर्द्धन गर्ने हक हुने कुरा उल्लेख छ ।

आदिवासी जनजाति बुलेटिन (November 2005 : 18) ले साक्षरता दर, आवास, घरजग्गा, पेशा, भाषा, शैक्षिक स्तर र जनसंख्याको आधारमा कुमाललाई सिमान्तकृत समूहको पाँचौ स्थानमा राखेको थियो । २० वटा जनजातिका भाषामा प्राथमिक स्तरका पाठ्यपुस्तक प्रकाशन हुँदा आफ्नै भाषा, लिपी र संस्कृति भएको कुमालको भाषामा पाठ्यपुस्तक प्रकाशन नभएको कुरा उल्लेख गरेको थियो ।

श्रेष्ठ (वि.सं. २०६४: ३३) ले स्याङ्गजा जिल्ला पुतलीबजार नगरपालिका वडा नं. ५ का गाउँ क्षेत्रमा बसोबास गर्ने कुमाल जातिको पेशागत आधारमा शैक्षिक पहुँचमा गरेको अध्ययनमा आर्थिक आधारमा कुमाल बालबालिकाको शिक्षाको अवसरमा प्रभाव पारेको कुरा औंल्याउनु भएको छ । उहाँको अध्ययन अनुसार कुमालको परम्परागत पेशा भाँडा बनाउनेको तुलनामा गैर परम्परागत पेशामा लाग्नेको आम्दानी वढी रहेको र केटाकेटीको पढाइमा पनि राम्रो रहेको पाइयो । उहाँका अध्ययन अनुसार पहुँचमा बाधा पुग्ने मुख्य समस्या आर्थिक र चेतनाको कमीले रहेको पाइयो ।

पौडेल वि.सं. (२०६५ : ९१) ले तनहुँका कुमाल जातिका भाषाको अध्ययनमा कुमालहरु अल्पसंख्यक रुपमा रहेका अशिक्षित र चेतनास्तर पनि कमजोर अवस्थामा रहेको कारणले आफ्नो भाषालाई चेतना र शिक्षा अभावका कारणले प्रयोग गर्न लाज लाग्ने, नजान्ने, भाषागत लिपिको अभावका कारणले कुमाल भाषा संकटमा परेको, कुमाल भाषाका पाठ्यपुस्तकहरु नभएको कुरा उल्लेख गर्नु भएको छ । कुमाल भाषाको संरक्षणको लागि स्वयं कुमाल र

सरकारी स्तरबाट पनि भाषा संरक्षणका लागि शैक्षिक स्तर बृद्धिका लागि एक भाषा एक देशको नीति हटाउनु पर्छ र नेपालको बहुभाषा, बहुजाति, बहुसंस्कृतिको संरक्षण सरकारी तवरबाट पनि प्रदान गर्नु पर्छ भनेर सुझाव पेश गर्नु भएको छ ।

पाण्डे (वि.सं. २०६५ : ४५) ले सामाजिक, आर्थिक अवस्थाको आधारमा कुमाल (मुखिया) को अध्ययनमा कुमाल जातिहरुको महिलाहरु पुरुष भन्दा निकै निकै कमजोर आर्थिक र सामाजिक अवस्था रहेको, कुमाल महिलाको साक्षरता प्रतिशत १७.७७ मात्र रहेको, पुरुषहरु नै घर गृहस्थीको निर्णायक भएका र महिलाहरु निर्णय गर्न नसक्ने हैसियत र पुरुषहरुद्वारा दमित छन् भन्ने कुरा उल्लेख गरेका छन् । उनको अध्ययनले धेरै संख्यामा महिलाहरु निरक्षर रहेकाले छात्रा भर्ना दर बढाउनु पर्छ । सशक्तिकरणका लागि शैक्षिक रोजगार र आयमुलक रोजगारको अवसर उपलब्ध गराउनु पर्छ । परिवारको समग्र विकासको लागि महिलाहरुको निर्णायक भूमिका हुनुपर्छ भन्ने कुरा पस्कनु भएको छ ।

पौडेल (वि.सं. २०६४ : ५३) ले पुतलीबजार नगरपालिकाका कुमालहरुको सामाजिक, आर्थिक अवस्था सम्बन्धी अध्ययनमा कुमालहरुको आधुनिकीकरण हुन नसकेको, कुमालले आफ्नो पुर्ख्यौली पेशा माटाका भाँडा बनाउन छाडेर खेतीपाती र पशुपालन तर्फ लागेको देखाउनु भएको  छ । अन्य जातिसँग लगातार सम्पर्कले गर्दा उनीहरुको जनजीवनमा लवाइ खवाइमा केही परिवर्तन आएको छ । तर आफ्नो परम्परागत धारणामा परिवर्तन आउन नसकेको बताउनु भएको छ । उनीहरुको शैक्षिक स्थिति कमजोर भएकै कारण आफूहरु मजदुर मात्र भएको सोझोपनको फाइदा उठाएर अरुहरुले विभिन्न अवसरले अप्रत्यक्ष रुपमा वञ्चित भएको तथा आफ्नो भाषा संस्कृतिको संरक्षण गर्न र अन्य जनजाति जस्तैः अधिकार प्राप्त गर्न सफल नभएको कुरा उल्लेख गर्नुभएको छ ।

अतः माथिका अध्ययनहरुको आधारमा यो भन्न सकिन्छ कि शिक्षाका कारणले चेतना, चेतनाका कारणले अधिकार प्राप्तिको प्रयत्न र अधिकारको उपयोग गरी सशक्तिकरण हुने  र सशक्तिकरणले अन्य जातजातिसँग प्रतिष्पर्धा गर्ने र राष्ट्रिय मुलधारमा समाहित हुनका लागि सहयोग पुग्छ ।

२.२. अवधारणात्मक ढाँचाः



# अध्याय तीन

## अध्ययन विधि

कुनै पनि अनुसन्धान कार्यको लागि व्यवस्थित रुपले सम्पन्न गरी उद्देश्य प्राप्तिका विभिन्न विधि तथा प्रक्रियाहरु अपनाउनु पर्ने हुन्छ । अनुसन्धानको विधि अनुसन्धानको उद्देश्य र प्रकृति अनुसार तय गरिनुपर्छ । यो अनुसन्धानको लागि सर्वेक्षण विधिको प्रयोग गरिएको छ ।

### ३.१. अध्ययनको ढाँचाः

यो अध्ययनको लागि सूचना संकलन गर्न स्थलगत सर्वेक्षणमा वलेवाङ्गका कुमालहरुको घरधुरी सर्वेक्षण गरी जनसंख्या, उमेर, लिङ्ग, शैक्षिक स्थिति पत्ता लगाइयो । कुमाल समुदायका बालबालिकाहरु अध्ययन गरिरहेका पायक पर्ने ३ वटा विद्यालयहरुमा सीमित रही अध्ययन गरिएको थियो । प्रधानाध्यापकसँग अध्ययनको उद्देश्य प्रष्ट पारे पछि विद्यालय दस्तावेज अध्ययन, प्रधानाध्यावक र शिक्षकसँग कुमाल समुदायका बालबालिकाको सम्बन्धमा छलफल/अन्तरवार्ता गरियो साथै प्रधानाध्यापकसँग अनुमति मागरे स्वीकृती प्रदान गरेपछि कक्षामा अध्ययनको उद्देश्य र सान्दर्भिकता प्रष्ट पारी कुमाल समुदायका कक्षा ३, ४ र ५ मा अध्ययन गर्ने छात्र-छात्रा प्रत्येक विद्यालयका १०/१० जना विद्यार्थीहरु छनौट गरी प्रश्नावली भराइएको थियो । लक्षित समूहका कुमाल समुदायका १० जना अभिभावक छनौट गरी छलफल गरिएको थियो । यस अध्ययनको ढाँचा निम्नानुसार रहेको छ ।

| क.सं. | अनुसन्धानका उद्देश्य | सूचना स्रोत | सूचना संकलनका साधन |
|---|---|---|---|
| १ | कुमाल बालबालिकाहरुको प्राथमिक विद्यालय पहुँचको स्थिति पत्ता लगाउनु । | ⁄ घरधुरी सर्वेक्षण<br>⁄ विद्यालय भर्ना रजिष्टर र दस्तावेज | ⁄ घरधुरी सर्वेक्षण फाराम<br>⁄ भर्ना रजिष्टर र अन्य दस्तावेज |
| २ | अन्य विद्यार्थीको दाँजोमा कुमाल विद्यार्थीको कक्षा उपस्थिति, क्रियाकलाप र शैक्षिक उपलब्धीको पहिचान गर्नु । | ⁄ प्रधानाध्यापक/शिक्षकसँग छलफल<br>⁄ विद्यालयका अभिलेखहरु | ⁄ प्रधानाध्यापक/शिक्षकसँग छलफल/अन्तरवार्ताका लागि प्रश्नावली<br>⁄ हाजिरी फाराम<br>⁄ भर्ना रजिष्टर<br>⁄ अन्तिम परीक्षाको लब्धाङ्क |
| ३ | कुमाल बालबालिकाहरुको प्राथमिक शिक्षामा पहुँच कमी हुनाका कारण पत्ता लगाउनु | ⁄ अभिभावकसँग अन्तरवार्ता<br>⁄ विद्यार्थीलाई प्रश्नावली | ⁄ अभिभावकसँग अन्तरवार्ता फाराम<br>⁄ विद्यार्थीलाई प्रश्नावली फाराम |

### ३.२. नमूना छनौट

#### ३.२.१. विद्यालय छनौटः

अनुसन्धानकर्ताले अर्घाखाँची जिल्ला वाङ्गला गा.वि.स. वडा नं. ९ र पाली गा.वि.स. वडा नं. ९ मा पर्ने वलवाङ्गमा बसोबास गरेका कुमाल समुदायका बालबालिकाहरुले अध्ययन गर्ने २ वटा प्राथमिक विद्यालय र एक निम्न माध्यमिक विद्यालय छनौट गरिएको छ । जसबाट विद्यालय अभिलेखहरु अध्ययन गरिएको छ ।

#### ३.२.२. प्रधानाध्यापक छनौटः

यस अनुसन्धानका लागि २ वटा प्राथमिक विद्यालय र एक निम्न माध्यमिक विद्यालयका १/१ जना गरी जम्मा ३ जना प्रधानाध्यापकसँग अन्तरवार्ता र छलफल गरिएको थियो । जसले कुमाल विद्यार्थीहरुको विद्यालय सहभागिता, भर्ना, उपस्थिति र उपलब्धीको बारेमा जानाकारी प्राप्त भएको थियो ।

#### ३.२.३. शिक्षक छनौटः

यस अनुसन्धानका लागि ३ वटै विद्यालयका १/१ जना शिक्षिका र १/१ जना शिक्षक गरी जम्मा ६ जनासँग कुमाल विद्यार्थीको भर्ना सहभागिता, उपस्थिति, शैक्षिक उपलब्धी र अतिरिक्त क्रियाकलापको बारेमा छलफल र अन्तवार्ता गरिएको थियो । शिक्षकहरुलाई Randomly छनौट गरिएको थियो ।

#### ३.२.४. विद्यार्थी छनौटः

यस अनुसन्धानका लागि कुमाल विद्यार्थी ३ वटै विद्यालयबाट १०/१० जना लक्षित समूह छनौट गरी ३० जना कुमाल विद्यार्थीलाई प्रश्नावली भराइएको थियो ।

#### ३.२.५. अभिभावक छनौटः

विद्यालयमा छोराछोरी पढाउने र नपढाउने ५/५ जना गरी जम्मा १० जना लक्षित समूकका कुमाल अभिभावकहरुसँग अन्तरवार्ता गरिएको थियो । यसमा सबै खालका कुमाल अर्थात शिक्षक, कृषक, वैदेशिक रोजगार प्राप्त, साक्षर र निरक्षर अभिभावकहरू थिए ।

### ३.३. साधनको निर्माणः

#### ३.३.१. अन्तरवार्ता/प्रश्नावलीः

यो प्रश्नावली कुमाल समुदायका १० जना अभिभावक र कुमाल समुदायका ३० जना विद्यार्थीहरुलाई भराइएको थियो । जसमा अभिभावहलाई आफ्ना बालबालिकाहरुलाई शिक्षा आवश्यकता, विद्यालय पठाउने र नपठाउने कारण, आर्थिक अवस्था, बालबच्चाको संख्या, उनीहरुको विद्यालय निममितता आदिबारे प्रश्न गरिएको थियो । विद्यार्थीको लागि विद्यालयको शैक्षिक वातावरण, घरमा रहेको शैक्षिक वातावरण, शिक्षा र शिक्षक प्रति उनीहरुको घारणा, विद्यालय जाने/नजाने कारण आदिबारे प्रश्न गरिएको थियो ।

### ३.३.२. छलफल निर्देशिका:

छलफल निर्देशिका विद्यालयका प्रधानाध्यापक र शिक्षकका लागि प्रयोग गरिएको थियो । जसमा कुमाल र अन्य समुदायको शिक्षा चेतनाको स्तर विद्यालय प्रति कुमालहरुको घारणा, कुमाल बालिकाको उपलब्धी कुमालको पेशा र आर्थिक अवस्था, शिक्षाको समान अवसरको लागि उपायका बारेमा छलफल गरिएको थियो ।

### ३.३.३. विद्यालय दस्तावेज अध्ययन फाराम:

यसबाट विद्यालयमा भएका गतिविधि, कुमाल विद्यार्थीको उपलब्धि, कुमाल विद्यार्थीको नियमितता, कुमाल विद्यार्थीको कक्षा छाड्नेदर, प्राथमिक विद्यालय, पूरा गर्ने अवधि अतिरिक्त क्रियाकलापमा सहभागी र स्थान अध्ययन गरिएको थियो ।

### ३.४. साधनको वैधता:

यस अनुसन्धान कार्यका लागि निर्माण गरिने साधनहरु अनुसन्धान निर्देशकको राय, सल्लाह र सुझावको आधार तयार गरियो । साधनलाई अन्तिम रुप दिनु अघि काठमाण्डौ सोह्रखुट्टेमा रहेको सिद्धी गणेश माध्यमिक विद्यालयका ५ जना विद्यार्थी र ३ जना शिक्षकहरुलाई परीक्षण स्वरुप प्रश्नावली सोधि कमी कमजोरी सुधार गरिएको थियो ।

### ३.५. सूचना संकलन प्रक्रिया:

सूचना संकलनको लागि प्राथमिक र सहायक दुवै श्रोत प्रयोग गरिएको थियो । अन्तरवार्ता, प्रश्नावली, निर्देशिका, छलफल निर्देशिका, रुजुसूची, कक्षा अवलोकन फाराम प्रयोग गरि अनुसन्धानकर्ता स्वयं उपस्थित भई तथ्यांकहरु संकलन गरिएको थियो । त्यस्तै तथ्यांक विभागको अभिलेख शोध पत्र, जर्नल, विद्यालयको अभिलेख उपयोग गरि सहायक तथ्यांकको आधारमा जनसंख्या, विद्यार्थीको भर्ना र उपस्थित संख्या, कक्षामा कुमाल र अन्य छात्र छात्राको उपलब्धिको लागि यो श्रोतबाट संकलन गरिएको थियो ।

### ३.६ सूचना विश्लेषण प्रक्रिया:

अनुसन्धानको क्रममा छलफल अन्तरवार्ता साथै दस्तावेज अध्ययनबाट प्राप्त सूचनाको विश्लेषण र व्याख्या गरि सो अनुसन्धानको निष्कर्षको आधारमा उपयुक्त सुझाव दिई सर्वेक्षणात्मक विधी अपनाई प्रतिवेदन तयार गरिएको थियो । यस सर्वेक्षणको लागि घरधुरी सर्वेक्षण, दस्तावेज अध्ययन, अन्तरवार्ता, छलफल र प्रश्नावली विधि अपनाइएको थियो ।

### ३.७. नैतिकताको मापदण्ड :

अनुसन्धानको क्रममा निम्न अनुसारको नीतिगत मूल्यको पालना गरिएको थियो ।

क) अनुसन्धानकर्ताबाट यथार्थ सूचना संकलन गरिएको थियो ।

ख) सूचना संकलनको क्रममा अनुसन्धानकर्तालाई सम्बन्धित पक्षलाई कुनै प्रकारको आश्वासन दिने र प्रलोभनमा पार्ने काम गरिएको थिएन ।

ग) आत्तिएर हतारिएर सूचना संकलन गरिएको छैन ।

घ) अनुसन्धान कर्ता सँग नम्र र शिष्ट व्यवहार गरिएको थियो ।

ङ) उद्देश्य बाहिर गई अनावश्यक जानकारीहरु प्रतिवेदनमा लिइएको छैन ।

# अध्याय चार

## तथ्यांकको विश्लेषण र व्याख्या

### ४.१. कुमालहरुको जनसंख्या र शिक्षामा पहुँच विवरण

यस परिच्छेदमा नमूनामा परेका वाङ्ला गा.वि.स. वडा नं.९ र पाली गा.वि.स. वडा नं. ९ मा बस्ने कुमाल समुदायको जनसंख्याको अवस्था र जनसंख्याको शैक्षिक विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. १ जनसंख्या र शैक्षिक विवरण**

| गा.वि.स. | कुमालको जम्मा संख्या | | | ५ बर्षमुनीको जनसंख्या | | | ५-९ बर्षको जनसंख्या | | | १०-१२बर्षको जनसंख्या | | | १३-१४ बर्षको जनसंख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| वाङ्ला-९ | ११६ | ११५ | २३१ | ८ | २० | २८ | २० | १७ | ३७ | २० | १३ | २३ | ८ | ११ | १९ |
| पाली- ९ | २८३ | २४२ | ५२५ | ४९ | ३१ | ८० | ५६ | ४८ | १०४ | ४८ | ३८ | ८६ | ३५ | ३० | ६५ |
| जम्मा | ३९९ | ३५७ | ७५६ | ५७ | ५१ | १०८ | ७६ | ६५ | १४१ | ६८ | ५१ | ११९ | ४३ | ४१ | ८४ |

*(स्रोत-घरधुरी सर्वेक्षण २०६८)*

माथिको जनसंख्या अध्ययन गर्दा कुमालहरुको जनसंख्या रहेको २ वटा गा.वि.स.हरुमा अवस्थित एउटै गाउँ पालीमा कुल महिला पुरुषको जनसंख्या ७५६ रहेको पाइन्छ। जसमा महिला ३९९ र पुरुष ३५७ पाइन्छ। यसैगरि ५-९ बर्षको जनसंख्या जुन प्राथमिक उमेरका बालबालिकाहरुको कुल जनसंख्या १४१ छ। जसमा महिला ७६ र पुरुष ६५ जना पर्छन् र त्यसभन्दा माथि १०- १२ बर्षको जनसंख्या ११९ मा महिला ६८ र पुरुष ५१ जना रहेको पाइन्छ। १३ - १४ बर्षको जनसंख्या कुल ८४ मा महिला ४३ र पुरुष ४१ देखिन्छन्। यस आधारमा विद्यालय उमेरको जनसंख्या ३४४ देखिन्छ भने ५ वर्ष मुनीको जनसंख्या महिला ५७ र ५१ गरी जम्मा १०८ देखिन्छ।

**तालिका नं. २. प्राथमिक विद्यालय भर्ना भएका कुमाल विद्यार्थी विवरण**

| गा.वि.स. | ५-९ बर्षका प्रा.वि गएकाको जनसंख्या | | | ९ बर्ष माथिका प्रा.वि.जाने जनसंख्या | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| वाङ्ला-९ | १० | ११ | २१ | १८ | २३ | ४१ |
| पाली -९ | ३६ | ३८ | ७४ | ६५ | ५९ | १२४ |
| जम्मा | ४६ | ४९ | ९५ | ८३ | ८२ | १६५ |

(स्रोत घरधुरी सर्वेक्षण - २०६८)

माथिको तालिका अनुसार विद्यालय गएका जनसंख्या सर्वेक्षण अनुसार विश्लेषण गर्दा ५-९ बर्षका प्राथमिक विद्यालयका कुल जनसंख्या ९५ जना मध्ये महिला ४६ र पुरुष ४९ देखिन्छन् र यस अनुसार खूद भर्ना दर ६७.३७% देखिन्छ भने छात्राको खुद भर्ना दर ६०.५२% देखिन्छ जुन राष्ट्रिय दर भन्दा कम हो। ९ वर्ष माथिका प्राथमिक विद्यालय भर्ना भएका विद्यार्थी १६५ जना मध्ये ८३ छात्रा र ८२ छात्र देखिन्छन्।

यस आधारमा १४१ जनामा ९५ जना जनसंख्या विद्यालय जाने र ४६ जना विद्यालय नगएको देखिन्छ । अर्थात् ३२.६२% प्राथमिक विद्यालय बाहिर नै रहेको देखिन्छ भने ६७.३८% प्राथमिक विद्यालयमा रहेको पाइयो ।

**तालिका नं. ३. कुमाल समुदायको तहगत शैक्षिक विवरण**

| गा.वि.स. | निरक्षर १५ बर्ष माथि जनसंख्या | | | सामान्य लेखपढ गर्ने जनसंख्या | | | ५ पास | | | ८ पास | | | टेष्टपास | | | S.L.C. पास | | | I.A. पास | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | म | पु | ज | म | पु | ज | म | पु | ज | म | पु | ज | म | पु | ज | म | पु | ज | म | पु | ज |
| वाङ्ला ९ | २० | ८ | २८ | २२ | ३१ | ५३ | ८ | ९ | १७ | २ | ९ | ११ | १ | ० | १ | १ | १ | २ | २ | १ | ३ |
| पाली ९ | ६५ | ५ | ७० | २३ | ७० | ९३ | ५ | ५ | १० | १ | १ | २ | ० | ० | ० | ० | ३ | ३ | १ | १ | २ |
| जम्मा | ८५ | १३ | ९८ | ४५ | १०१ | १४६ | १३ | १४ | २७ | ३ | १० | १३ | १ | ० | १ | १ | ४ | ५ | ३ | २ | ५ |

(स्रोत:- घरधुरी सर्वेक्षण २०६८)

तालिका अनुसार १५ बर्षमाथिको जनसंख्या मध्ये निरक्षर ९८ जनामा अत्याधिक जनसंख्या अर्थात् महिला ८५ जना र पुरुष १३ जना रहेको पाइयो । यसैगरि सामान्य लेखपढ गर्न सक्ने जनसंख्या १४६ अर्थात् महिला न्यून ४५जना मात्र र पुरुषको जनसंख्या १०१ पाइयो । यसैगरि ५ पास हुने जम्मा जनसंख्या २७ मात्र महिला १३ र पुरुष १४ पाइयो भने र पास अर्थात् नि.मा.वि.तह पास हुने जम्मा १३ मा महिला ३ जना र पुरुष १० पाइयो । यसैगरि टेस्ट पास पास १ जनामा महिला मात्र १ जना पाइयो भने एस.एल.सी. पास ५ जनामा महिला १ र पुरुष ४ पाइयो । प्रविणता प्रमाणपत्र तह पास जम्मा ५ जना जनसंख्यामा ३ महिला संख्या र २ पुरुषको संख्या पाइयो । प्रविणता प्रमाणपत्र तह पास गरि स्नातक अध्ययनरत १ महिला मात्र भेटियो भने अन्य सबैले आफ्नो अध्ययन अगाडि नबढाएको भेटियो ।

एउटै परिवारका ३ जना महिलाले प्रविणता प्रमाणपत्र तह पास गरेका र तीनै जनाले रोजगार गरेको भेटियो । स्नातक अध्ययनरत महिला सुमित्रा कुमाल गैरसरकारी संस्थामा एच. आई.भी. / एड्स सम्बन्धि काम गर्ने प्रेरणा संस्था, अर्घाखाँचीमा कार्यरत छन् । यसैगरि दिदी यमकला वलेवाङ प्राथमिक विद्यालयमा बाल शिक्षाको लागि शिक्षिकाको रुपमा र कान्छी बहिनी कमला पनि गैरसरकारी संस्था प्रेरणा संस्था अर्घाखाँचीमा साथी शिक्षकको भूमिका निर्वाह गरेको भेटियो भने उनीहरुकै भाई १२ कक्षाको जाँच दिइ बसेको र अर्को भाईले १० कक्षामा अध्ययनरत रहेको पाइयो । अर्थात् सो परिवारका ५ जना छोराछोरी नै अरु कुमालको भन्दा राम्रो शैक्षिक स्थितिमा भेटियो । अन्य २ जना पुरुषहरु प्रविणता प्रमाणपत्र अध्ययनपछि भारत (विदेश) रहेको पाइयो ।

**तालिका नं. ४. विद्यालय नजाने ५-९ बर्षका कुमाल बालबालिकाको विवरण**

| गा.वि.स. | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| वाङला-९ | १० | ६ | १६ |
| पाली -९ | २० | १० | ३० |
| जम्मा | ३० | १६ | ४६ |

(स्रोत - घरधुरी सर्वेक्षण - २०६८)

विद्यालय नजाने प्राथमिक उमेरका बालबालिकाको जम्मा जनसंख्या ४६ मा महिला ३० र पुरुष १६ जना रहेको पाइयो । जुन सो उमेर समुहका बालबालिकाहरुको ३२.६२% हो भने ६७.३८% साक्षर पाइयो । यस आधारमा पुरुष २६.१५% र महिला ३९.४७% निरक्षरता हो ।

प्राथमिक विद्यालयमा कुमाल विद्यार्थीको पहुँचको स्थिति पत्ता लगाउन  विद्यालय दस्तावेज अध्ययन गर्दा प्राथमिक विद्यालयमा अन्य जाति र कुमालको अवस्था तीन वटा प्राथमिक विद्यालयबाट यस्तो पाइयो ।

**तालिका नं. ५.   विद्यालय भर्ना हुने १-५ कक्षा विद्यार्थी संख्या**

| क्र.सं. | विद्यालय | कुल | | | कुमाल | | |
|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १. | मथुरा नि.मा.वि | १२५ | ११३ | २३८ | ४४ | ५४ | ९८ |
| २. | गोपेश्वर प्रा.वि. | ८८ | ८३ | १७१ | ३९ | ३२ | ७१ |
| ३. | बलेबाङ प्रा.वि. | ५३ | ४९ | १०२ | ४६ | ४५ | ९१ |
| जम्मा | | २६६ | २४५ | ५११ | १२९ | १३१ | २६० |

(स्रोत - विद्यालय दस्तावेज - २०६७)

तीनै वटा विद्यालयमा १-५ का जम्मा विद्यार्थी संख्या ५११ म छात्रा २६६ र छात्र २४५ छन् । यसैगरि कुमालको मात्र जनसंख्या २६० मा छात्रा १२९ र छात्र १३१ पाइयो । ५०.८८% कुमाल विद्यार्थी भेटिन्छन् । यसमध्ये छात्राहरु ४९.६% र छात्रहरु ५०.३८ % रहेको पाइन्छ । यस अनुसार मथुरा नि.मा.वि.मा १-५ कक्षा का कुमाल विद्यार्थीको प्रतिशत ४१.१७ % गोपेश्वर प्राथमिक विद्यालयमा ४१.५२ % र बलेवाङ प्रा.वि.मा ८९.२१ % विद्यार्थी कुमाल रहेको पाइयो । कुमाल समुदायकै बीचमा रहेको बलेवाङ प्रा.वि.को कुमाल विद्यार्थी संख्या जम्मा १०२ मध्ये ९१ जना कुमाल मात्र र बाँकी ११ जना अन्य विद्यार्थी पाइयो ।

**तालिका नं.६  कक्षा १-५ को अन्तिम परीक्षा २०६७ का विद्यार्थीहरु**

| क्र.सं | विद्यालय | जम्मा | | | कुमाल | | |
|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | मथुरा नि.मा.वि. | ११३ | ९५ | २०८ | ३९ | ५० | ८९ |
| २ | गोपेश्वर प्रा.वि. | ८१ | ७६ | १५७ | २६ | ३० | ५६ |
| ३ | बलेवाङ प्रा.वि. | ४० | ३९ | ७९ | ३५ | ३५ | ७० |
| जम्मा | | २३४ | २१० | ४४४ | १०० | ११५ | २१५ |

(स्रोत - विद्यालय दस्तावेज २०६७)

माथिको तालिका अध्ययन गर्दा १-५ को बार्षिक परीक्षामा सहभागी विद्यार्थी मथुरा नि.मा.वि.मा कुल २०८ मध्ये कुमाल ८९ पाइयो जसमा कुलमा छात्रा ११३ र छात्र ९५ जना र कुमाल विद्यार्थी छात्रा ३९ र छात्र ५० पाइयो । यसैगरि गोपेश्वर प्रा.वि.मा कुल छात्रा ८१ र कुल छात्र ७६ गरि कुल जम्मा १५७ मा कुमाल छात्रा २६ र छात्र ३० गरि जम्मा ५६ जना तथा बलेवाङ प्रा.वि.मा कुल छात्रा ४० र छात्र ३९ गरि जम्मा ७९ जना र कुमाल मात्र छात्रा ३५ र छात्र ३५ गरि ७० जना अन्तिम परीक्षामा सहभागी भएको पाइन्छ ।

यस अनुसार भर्ना हुने तर अन्तिम परीक्षामा सहभागी नहुने अर्थात् बीचमा कक्षा छाड्ने विद्यार्थी मथुरा नि.मा.वि.का १-५ कक्षाका कुल छात्रा १२ र छात्र १८ गरि जम्मा ३० जनामा कुमाल छात्रा ५ र छात्र ४ गरि ९ जना पाइयो । गोपेश्वर प्रा.वि.का कुल १७ र छात्र ७ गरि २४ जनामा कक्षा छाड्ने कुमाल छात्रा १३ र छात्र २ गरि १५ जना र वलेवाङ प्रा.वि.मा कुल छात्रा १३ र छात्र १० गरि २३ जना मध्ये कुमाल छात्रा ११ र छात्र १० गरि जम्मा २१ जना विद्यार्थीले कक्षा छाडेको पाइयो ।

**तालिका नं.६ कक्षा १-५ को शैक्षिक शत्र बीचमा विद्यालय छाड्ने विद्यार्थी संख्या २०६७**

| क.सं | विद्यालय | कुल विद्यार्थी | | | कुमाल | | |
|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | मथुरा नि.मा.वि. | ९४ | ८९ | १८३ | १० | १३ | २३ |
| २ | गोपेश्वर प्रा.वि. | ४८ | ५५ | १०३ | १९ | २४ | ४३ |
| ३ | बलेवाङ प्रा.वि. | २३ | ३५ | ५८ | २३ | ३१ | ५४ |
| जम्मा | | १६५ | १७९ | ३४४ | ५२ | ६८ | १२० |

(स्रोत - विद्यालय दस्तावेज २०६७)

माथिको तालिका अध्ययन गर्दा मथुरा प्राथमिक विद्यालयमा उत्तीर्ण कुल विद्यार्थी संख्या १८३ मा छात्रा ९४ जना र छात्र ८९ जना छन् भने कुमाल जम्मा २३ जनामा छात्रा १० र छात्र १३ जना छन् । यसैगरि गोपेश्वर प्रा.वि.का कुल १०३ जनामा छात्रा ४८ र छात्र ५५ उत्तीर्ण छन् भने यसमध्ये कुमाल जम्मा ४३ जनामा छात्रा १९ र छात्र २४ छन् तथा बलेवाङ प्रा.वि.का कुल उत्तीर्ण विद्यार्थी ५८ जनामा छात्रा २३ र छात्र ३५ छन् । जसमध्ये कुमाल जम्मा ५४ जनामा छात्रा २३ छात्र ३१ छन् ।

यसैगरी अनुत्तीर्ण हुने मथुरा नि.मा.वि.का कुल २५ मा छात्रा १९ र छात्र ६ छन् र कुमाल अनुत्तीर्ण छात्रा २९ र छात्र ३७ छन् । यसैगरी गोपेश्वर प्रा.वि.का कुल ५४ मा छात्रा ३३ र छात्र २१ तथा कुमाल जम्मा १३ मा छात्रा ७ र छात्र ६ गरी १३ जना अनुत्तीर्ण देखिन्छन् तथा बलेवाङ प्रा.वि.मा अनुत्तीर्ण कुल १६ मा छात्रा १२ र छात्र ४ मा सबै कुमाल अर्थात् १२ छात्रा र ४ छात्र गरी १६ जना कुमाल मात्रै रहेको भेटिन्छ ।

**तालिका नं. ७ कक्षा ५ का विद्यार्थी विवरण शैक्षिक सत्र २०६७ कुल विद्यार्थीमा**

| विद्यालय | भर्ना | | | परीक्षामा सम्मिलित | | | उत्तीर्ण | | | अनुत्तीर्ण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| मथुरा नि.मा.वि. | २० | १३ | ३३ | १७ | ९ | २६ | १४ | ८ | २२ | ३ | १ | ४ |
| गोपेश्वर प्रा.वि. | १२ | १० | २२ | १२ | ७ | १९ | ९ | ७ | १६ | ३ | ० | ३ |
| बलेवाङ प्रा.वि. | ६ | १९ | २५ | ५ | ९ | १४ | ३ | ८ | ११ | २ | १ | ३ |

**कुमाल विद्यार्थी संख्यामा**

| विद्यालय | भर्ना | | | परीक्षामा सम्मिलित | | | उत्तीर्ण | | | अनुत्तीर्ण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| मथुरा नि.मा.वि. | ४ | ४ | ८ | ३ | ३ | ६ | ३ | २ | ५ | ० | १ | १ |
| गोपेश्वर प्रा.वि. | ९ | १० | १९ | ३ | ३ | ६ | ० | ३ | ३ | ३ | ० | ३ |
| बलेवाङ प्रा.वि. | ५ | १४ | १९ | ५ | ९ | १४ | ३ | ८ | ११ | २ | १ | ३ |

(स्रोत - विद्यालय दस्तावेज २०६७)

कक्षा ५ मा भर्ना भएका तीन वटा विद्यालयका जम्मा ८० विद्यार्थीहरुमा छात्रा ३८ र छात्र ४२ छन् । यि मध्ये परीक्षामा सहभागी हुने जम्मा विद्यार्थी संख्या ५९ मा छात्रा ३४ र छात्र २५ जना छन् । यसमध्ये जम्मामा २१ र छात्रा ४ र छात्र १७ जनाले विद्यालय छाडेको तथ्यांक भेटियो । यसमा पनि परीक्षामा सहभागि हुने जम्मा विद्यार्थी संख्या ४९ मा छात्रा २६ र छात्र २३ छन् भने अनुत्तीर्ण १० मा छात्रा ८ र छात्र २ छन् । अर्को तालिका अनुसार भर्ना हुने जम्मा ४६ कुमालमा छात्रा १८ र छात्र २८ छन् । परीक्षामा सहभागी जम्मा २६ मा छात्रा ११ र छात्र १५ छन् । यस अनुसार विद्यालय छाड्ने जम्मा संख्या २० मा छात्रा ७ र छात्र १३ छन् । उत्तीर्ण हुने जम्मा कुमाल १९ मा छात्रा ६ र छात्र १३ तथा अनुत्तीर्ण हुने जम्मा ७ मा छात्रा ५ र छात्र २ छन् । यहाँ कक्षा ५ को उत्तीर्ण दर भर्नाको आधारमा कूलमा ६१.२५ र कुमालको मात्र ४१.३ देखिन्छ ।

**तालिका नं. ८. २०६७ मा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी विवरण**

| विद्यालय | १-५कक्षा | | | कुमाल | | | कक्षा ५ कुल | | | कुमाल | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| मथुरा | १०० | ११ | १११ | ३० | ० | ३० | १७ | ४ | २१ | ५ | ० | ५ |
| गोपेश्वर | ६० | १५ | ७५ | ३२ | ० | ३२ | ७ | २ | ९ | ५ | ० | ५ |
| बलेवाङ | १७ | ० | १७ | १७ | ० | १७ | २ | ० | २ | २ | ० | २ |
| जम्मा | १७७ | २६ | २०३ | ७९ | ० | ७९ | २६ | ६ | ३२ | १२ | ० | १२ |

(स्रोत - विद्यालय दस्तावेज २०६७)

छात्रवृत्ति कति जनालाई प्रदान गरियो भनि गरिएको अध्ययनमा दलित तथा छात्रा छात्रवृत्ति गरी ३ वटा विद्यालयमा जम्मा २०३ मा छात्रा १७७ र छात्र २६ छन् । यसमध्ये कुमाल विद्यार्थीले प्राप्त गरेको छात्रवृत्ति हेर्दा जम्मा ७९ जनामा छात्राले मात्र प्राप्त गरेको तर छात्र १ जनाले पनि छात्रवृत्ति प्राप्त नगरेको पाइयो । यसैगरी कक्षा ५ मा छात्रवृत्ति हेर्दा जम्मा ३२ जनामा छात्रा २६ र छात्र ६ जना भेटियो भने कुमाल विद्यार्थीको छात्रवृत्ति छात्राले मात्र पाएको र जम्मा १२ जनाले छात्रवृत्ति प्राप्त गरेको पाइयो ।

**तालिका नं. ९ विद्यार्थीहरुको औषत उपस्थिति**

| विद्यालय | १-५ कक्षा अन्य जाति | | कुमाल | | कक्षा ५ मा मात्र अन्य जाति | | कुमाल | |
|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र |
| मथुरा | ९४% | ९५% | ५८ % | ६२ % | ९२% | ९५% | ६० % | ७० % |
| गोपेश्वर | ९५% | ९६% | ६० % | ७० % | ९३% | ९५% | ६५ % | ७० % |
| वलेवाङ | ८९ % | ९१% | ५० % | ५५ % | ९०% | ९१% | ५५ % | ६५ % |
| जम्मा | ९२% | ९४% | ५६ % | ६२ % | ९१% | ९४% | ६० % | ६८ % |

(स्रोत - विद्यालय दस्तावेज २०६७)

विद्यार्थीको औषत उपस्थिति अध्ययन गर्दा तीन वटै विद्यालयमा छात्रा ९२ % र छात्र ९४ % तथा कुमाल छात्रा ५६ % र छात्र ६२ % उपस्थित भेटिए कक्षा ५ तीन वटै विद्यालयको उपस्थिति औषतमा छात्राको ९१% र ९४% छ भने कुमालको औषत उपस्थिति छात्रा ६० % र छात्र ६८ % उपस्थिति पाइयो ।

विद्यार्थीहरुको औषत उपलब्धी हेर्दा कक्षा १-५ को विषयगत उपलब्धी कुल छात्राको ४४.३३ % र छात्रको ४६.३३% भटियो भने कुमालहरुको छात्रा उपलब्धी ३७.६६% र छात्रको ४०.६६% भेटियो । यसैगरि कक्षा ५ को कुल छात्रा उपलब्धी ४२.६६% र छात्र उपलब्धी ४५.३३% भने कुमालहरुको छात्रा उपलब्धी ३५.३३% र छात्र ३७.३३% पाइयो ।

**तालिका नं. १० उत्कृष्ट विद्यार्थीहरुको अंक तालिका**

| गा.वि.स | कुलमा | | | कुमाल मात्र | | |
|---|---|---|---|---|---|---|
| | प्रथम | द्वितीय | तृतीय | प्रथम | द्वितीय | तृतीय |
| मथुरा | ४७९ | ४२७ | ४१६ | ३७८ | ३५७ | २९७ |
| गोपेश्वर | ४९५ | ४९३ | ४८५ | ३९६ | ३९४ | ३९२ |
| बलेवाङ | ३४४ | ३३० | ३२१ | ३३० | ३२१ | ३१४ |

(स्रोत- विद्यालय दस्तावेज २०६७)

यसैगरी तीनैवटा विद्यालयको प्रथम, द्वितीय र तृतीय स्थान ओगट्ने विद्यार्थी हेर्दा मथुरा नि.मा.वि.मा र गोपेश्वर प्रा.वि मा ब्राह्मण क्षेत्री समुदायका विद्यार्थी भेटिन्छन् भने कुमाल समुदायका विद्यार्थीहरुको उपलब्धी न्यून रहेको पाइन्छ । तर कुमाल समुदायलाई पाएक पर्ने बलेवाङ प्रा.वि मा कुमाल बाहेक अन्य समुदाय नगन्य रहेका कुमाल समुदायका विद्यार्थीहरु पनि केही संख्या सो विद्यालयमा अध्ययन नगरि गोपेश्वर प्रा.वि., मथुरा नि.मा.वि.मा पढ्न गएका कारण कुमालहरु नै प्रथम हुन सकेको देखिएन द्वितीय, तृतीय भेटिन्छन् । कुमालकै बाहुल्य भएपनि प्रथम हुने १ जना हरि श्रेष्ठ थरका विद्यार्थी देखिन्छन् यसै कारणबाट पनि प्रष्ट हुन्छ कि कुमालहरुको उपलब्धी अन्य जातिको भन्दा तल वा कमजोर नै भेटिएको पाइयो ।

## ४.२ प्रधानाध्यापकसँगको अर्न्तवार्ताको आधारमा प्राप्त धारणा

प्रधानाध्यापकसँग कुमाल बालबालिकाको बारेमा अर्न्तवार्ता गर्दा मथुरा नि.मा.वि.को प्रा.वि. तहमा छात्रा ४४ र छात्र ५४ गरी ९८ रहेका र परीक्षामा सहभागी कुमाल ३९ छात्रा र ५० छात्र ८९ मात्र भई छात्रा ५ र छात्र ४ गरि ९ जनाले शैक्षिक शत्र २०६७ मा कक्षा छाडेको भन्ने जवाफ आयो ।

गोपेश्वर प्रा.वि.को कुमाल विद्यार्थी संख्या २०६७ मा कुल भर्ना भएका कुमाल छात्रा ३९ र छात्र ३२ गरि जम्मा ७१ जनामध्ये छात्रा २६ र छात्र ३० गरि ५६ जना परीक्षामा सहभागी भई छात्रा १३ र छात्र २ गरि १५ जनाले बीचैमा छाडेका रहेछन् ।

बलेवाङ प्रा.वि.को वि.सं २०६७ मा भर्ना भएका जम्मा कुमाल छात्रा ४६ र छात्र ४५ गरि जम्मा ९१ मध्ये छात्रा २६ र छात्र ३० गरि ५६ ले परीक्षा दिएका तर छात्रा ११ र छात्र १० गरि २१ जनाले परीक्षा नदिई कक्षा बीचैमा छाडेका रहेछन् ।

कुमाल बालबालिकाहरु सबै विद्यालयमा भर्ना हुन आएका वा नआएका बारेमा प्रश्न गर्दा प्रधानाध्यापकहरुले विद्यालयमा प्रा.वि.तहका बालबालिकाहरु सम्पूर्ण संख्या अर्थात छात्रा ३० र छात्र १७ अझै नआएका भन्ने उत्तर पाइयो । यसको कारणमा कुमाल अभिभावकहरु आफै पनि शिक्षित नभएका कारण शिक्षाप्रति जागरुक देखिदैनन् । अर्को कारण उनीहरुको आर्थिक कारण पनि रहेको बताउनुहुन्छ । किनकी गरिबीको कारणले आफूहरु ज्याला मजदुरीमा जानुपर्ने र घरमा रहेका स-साना बालबच्चाहरुलाई रेखदेख गर्नकै लागि पनि सबै बच्चालाई विद्यालय भर्ना गर्न नसकेका घरका सबै जना ज्याला मजदुरीमा जाँदा गाइवस्तु र साना भाईबहिनीहरुको रेखदेख गर्नुपर्ने बाध्यता तथा विद्यालयमा पोशाक, कापी कलम तथा विद्यालयले थोरै नै भएपनि परीक्षा फी उठाउने हुँदा त्यहिपनि जुटाउन धौ पर्ने तथा शिक्षाप्रतिको उदासिनताले गर्दा पोशाक र फि मा लगानि नगर्ने कारण पाइयो ।

यसैगरी विद्यार्थीको नियमितताको बारेमा प्रश्न गर्दा उनीहरुको शिक्षाप्रतिको उदासिनता तथा धेरै बालबच्चा र गरिबी रहेको कारणले विद्यालयमा नियमित हुन नसक्ने र गराउन पनि गह्रो भइरहेको पाइयो ।

विद्यालयमा सबै बालबच्चाहरुलाई भर्ना गराउन गरिएका प्रयासका बारेमा छलफल गर्दा सरकारी प्रयासलाई सफल बनाउन विद्यालय भर्ना अभियान तथा घरदैलो समेत चलाएको । छात्रवृत्ति लगायतका सुबिधा उपलब्ध गराउने प्रयास गरेको भन्ने पाईयो ।

विद्यार्थीलाई नियमित उपस्थित गराउने गरिएका प्रयास बारेमा छलफल गर्दा विद्यालयमा गयल शुल्क लागु गरिएको अनुपस्थितका अभिभावक भेटघाट गर्ने गरीएको भएपनि पूर्ण भेटघाट गर्न नसकिएको तथा परीक्षा रिजल्ट दिँदा अभिभाबकको उपस्थितिमा दिन खोजेपनि अन्य समुदायको दाजोमा कुमाल अभिभाबकको उपस्थिती कम हुने समस्या पाइयो । साथै नियमित हुने कुमाल बालबालिकालाई प्रोत्साहन तथा छात्रवृत्ति दिने गरिएपनि केटा (छात्र) लाई यो दिन सरकारबाटै कुमालको लागि छात्रवृत्ति उपलब्ध नभएकोले समस्या रहेको भेटियो ।

**कुमालको विद्यार्थी भर्ना संख्या, परीक्षा सहभागिता शैक्षिक स्तर हेर्दा**

| विवरण | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|
| भर्ना संख्या जम्मा कुमाल | १२९ | १३१ | २६० |
| नियमितता (औसत उपस्थिति) | ५६% | ६२% | ५९% |
| परीक्षा सहभागी संख्या | १०० | ११५ | २१५ |
| उतीर्ण संख्या | ५२ | ६८ | १२० |

**अन्य र कुमाल बीचको तुलनाका लागि प्र.अ. सँग अर्न्तवार्ता गर्दा**

| विवरण | कुमाल | | | अन्य | | |
|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| नियमितता | ९२% | ९४% | ९३% | ५६ % | ६२ % | ५९ % |
| उत्तीर्ण%(भर्नामध्ये) | ४०.३१ % | ५१.९० % | ४६.१५ % | ६२.०३ % | ७३.०६ % | ६७.३१ % |
| औषत उपलब्धि % | ३७.६६ % | ४०.६६ % | ३९.१६ % | ४४.३३ % | ४६.३३ % | ४५.३३ % |

**बीचमा पढाई छाड्ने बारेमा**

| विद्यालय | अन्य | | | कुमाल | | |
|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| मथुरा | १२ | १८ | ३० | ५ | ४ | ९ |
| गोपेश्वर | १७ | ७ | २४ | १३ | २ | १५ |
| बलेबाङ | १३ | १० | २३ | ११ | १० | २१ |

**बीचमा पढाइ छाड्ने कारण बारेमा**

- ❖ आर्थिक कारण
- ❖ चेतनाका कारण
- ❖ पेशा

छात्रवृत्तिले कुमाल समुदायमा पारेको प्रभावका बारेमा छलफल गर्दा

भर्नामा बिस्तारै बढोत्तरी भइरहेको तर संतोसजनक नभएको

नियमितता गराउनमा

केही सजिलो भएपनि छात्रवृत्ति वितरण गर्ने समय अगाडि पछाडी नियमित हुने र फेरी उहि समस्या दोहोरिएको भन्ने जवाफ तीन वटै विद्यालयमा पाइयो ।

औसत उपलब्धीमा पनि बढोत्तरी भइरहेपनि अन्य समुदायसंग तुलना हुन नसक्ने भन्ने जवाफ आयो । यसैमध्ये पनि जुन अभिभावक आमा वा बाबु शिक्षित छन् उनीहरुका छोराछोरी नियमित, उपलब्धी बढी र सन्तोषजनक पाइयो ।

कुमाल विद्यार्थीले प्राप्त गरेको छात्रवृत्ति छात्रलाई बढी दिइएको र अन्य अभिभावक र निजी निकायबाट वितरित छात्रवृत्ति छात्र (केटा) लाई पनि दिने गरेको जसमध्ये मथुरा नि.मा.वि.र गोपेश्वर प्रा.वि. मा ग्रिनसिड, पिताम्बर अक्षयकोष छात्रवृत्ति र झविलाल डिल कुमारी छात्रवृत्ति कोष स्थापना भएका कारण उनीहरुलाई नगद, पोशाक र शैक्षिक सामग्री लगायतका सहयोग भइरहेको पाइयो ।

कुमाल अभिभावक आफ्ना बालबच्चाको शैक्षिक अवस्था बारे विद्यालयमा आउने बारे प्रश्नमा निकै कम अभिभावक आउने र चासो राख्ने पाइयो । वर्षमा मुस्किलले एक पटक पनि नआउने समस्या भेटियो ।

घरमा दिएको पढाइको वातावरणमा प्रश्न गर्दा घरको कुमाल छात्रा/छात्रको वातावरण अनुकुल छैन । जस्तैः- सबैको घरमा बिजुली बत्ति नबलेकोले राति सबैले पढ्न पाएनन् । अभिभावकले घरमा पढ्न पनि समय नदिएको, नहेरेको तथा घरको कामकाज गर्न लगाइएको  पाइयो । अझै ५ कक्षा पढ्ने केटालाई अरुको खेतबारी जोत्न र केटीलाई पनि काम गर्न पठाएको भन्ने पाइयो । जसले नियमितता र उपलब्धीमा असर पुऱ्याएको भन्न्ने उत्तर आयो ।

विद्यालय व्यवस्थापन समितिमा कुमाल समुदायको सहभागिता एउटा बलेवाङ प्रा.वि.मा बाहेक अन्य २ विद्यालयमा नभएका भेटियो । साथै भएका सदस्यहरुको भूमिका पनि विद्यालय र विद्यार्थी प्रति उत्तरदायी हुन नसकेको भन्ने उत्तर आयो ।

कुमाल समुदायका लागि वि.व्य.स. ले गरेको उल्लेखनीय काम खासै भेटिएन । छात्रवृत्ति सुविधा दिने बाहेक अन्य कुनै सृजनात्मक सहयोग नभएको भेटियो ।

कुमाल समुदायको शैक्षिक अवस्था र पहुँच बढाउन गरेको विद्यालयको प्रयासमा विद्यालयले निममित अभिभावक भेट गर्ने योजना बनाएको तर कार्यान्वयन नभएको, नियमित गराउन प्राप्त छात्रवृत्तिलाई उपस्थिति र उपलब्धीलाई आधार बनाएर मासिक दामासाहीले प्रदान गर्ने योजना भएको र अभिभावकको चेतना विस्तार गर्न अनौपचारिक शिक्षाको लागि जि.शि.का. तथा स्थानिय निकायमा माग गरिएको भन्ने जवाफ आयो ।

## ४.३. शिक्षकलाई गरिएको अर्न्तवार्तामा विवरण

मथुरा नि.मा.वि.का कृष्ण बहादुर अधिकारी र शिक्षिका भगवती भुसाल, गोपेश्वर प्रा.वि.का छविलाल पाण्डे र सृजना खनाल तथा बलेवाङ प्रा.वि.का शिक्षक दुर्गा पन्थी र शिक्षिका यमकला कुमालसँग अर्न्तवार्ता गरिएको थियो । उहाँहरु सबैले पिछडिएको समुदाय कुमाल भएको  बताउनुभयो ।

कुमाल विद्यार्थीहरु नियमित अन्य जस्तै हुन नसकेका बताउनुभयो । यसको कारण उनीहरुको अभिभावकको शैक्षिक चेतना, गरिबी र धेरै सन्तान भएको कारण निष्कर्षमा बताउनुभयो ।

कुमालले देखाउने व्यवहार शिक्षकसँग अरु जाति जस्तो निर्धक्क बोल्न नसक्ने, गृहकार्य पनि पुरा गरेको नहुने, पढेर के हुन्छ र ? भन्ने, उदासिन अभिभावकको छाप विद्यार्थीमा पनि परेकोले उच्च मनोबलको कमी, आज्ञाकारी भएपनि सिकाईमा कम सक्रिय रहेका कारण प्रश्नोत्तर छलफलमा कम भाग लिने, सोधे मात्र बोल्ने बताउनुभयो । यसैगरी शिष्टता प्रदर्शन गर्न पनि नजान्ने तथा आदरभाव प्रकट गर्न कमजोर पाइयो ।

साथीसँग देखाउने व्यवहारमा कुमाल बालबच्चालाई अरुले अलग्गाएको हुने, साथीलाई उनीहरुले सहयोग गरेपनि समाजको छाप परेका अन्य विद्यार्थीले कुमाललाई वेवास्ता गरेको धेरै भेटिन्छ तथा साथीसँग लडाई, झगडा त गर्दैनन् तर खेल्दा आफ्नै समुहमा अर्थात् कुमालमा मात्र खेल्दछन् । कुमाल बालबालिकाहरु उदासी, दुब्ला, कमजोर भेटिएको बताउनुभयो ।

अनुशासनमा विद्यालय पोशाक भए पनि सफाई कमजोर झोला च्यातिएका र मैला कक्षा कोठामा प्राय कुमाल घोप्टो परेर पछाडि र कुनामा बस्ने बताउनु हुन्छ ।

अतिरिक्त क्रियाकलापमा पनि कुमालहरु कम सरिक हुने र सक्रिय भए पनि उत्कृष्टता प्रदर्शन गर्न नसक्ने बताउनुहुन्छ । यसको कारण उनीहरुको शैक्षिक स्तरमा कमी र घर समुदायको वातावरण नै प्रमुख भएको बताउनु भयो ।

कुमाल परिवारका उच्च उपलब्धी देखाउने बच्चाहरुका अभिभावक धेरै नपढेका भए पनि नि.मा.वि. पास र टेस्ट पास २/३ जना भेटिए । उनीहरुका बच्चाको पढाइ अलि ख्याल गरेका कारण राम्रो भेटियो भने अन्य समुदायको नजिक बसेका कुमालहरुको पनि शिक्षाको गुणस्तरण र उपलब्धी उच्च पाइएको बताउनु हुन्छ । त्यसैगरि न्यून उपलब्धी हुनेमा गरिव, अशिक्षित र अशिक्षित र परिवारमा धेरै छोराछोरीको संख्या भएकाहरु रहेको बताउनु भयो ।

कुमाल समुदायको बालबालिकाको शैक्षिक स्तर तथा पँहुच वृद्धि गर्नका लागि भर्नाका लागि- भर्ना अभियानसँगै अभिभावकहरुको घरदैलोमा गएको, अभिभावकसँग भेटघाट गरी शिक्षाको महत्व प्रकाश पार्ने प्रयास गरेको, नियमित उपस्थितिका लागि गयल भएकाहरुलाई गयल शुल्क उठाई विद्यार्थीको खेलकुदमा खर्च गर्ने गरेको र छात्रवृति प्राप्त गर्नेहरुलाई दामासाहिले मासिक रुपमा दिनुपर्ने सुझाव दिएको बताउनु हुन्छ ।

औसत उपलब्धी वृद्धि गर्नको लागि अभिभावकलाई उपलब्धीको वारेमा भेट गर्ने र उनीहरुको अवस्थाको वारेमा जानकारी प्रदान गर्ने र घरमा पनि पढ्ने बातावरण उपलब्ध गराउन प्रोत्साहित गर्ने । कापी किताब, झोला राम्रो व्यवस्था गर्न लगाउने वताउनु भयो । साथै नियमित हुने कुमाल विद्यार्थीलाई पनि पुरस्कारको व्यवस्था गर्ने गरेको बताउनु हुन्छ ।

अन्य ब्यवस्थाको लागि कमजोर कुमाल विद्यार्थीहरुलाई विद्यालयले शिक्षकलाई थप सुविधा दिएर अतिरिक्त समयमा अतिरिक्त कक्षाहरु संचालन गर्नुपर्ने सुझाव दिएको र कक्षा शुरु गरि सकिएको बताउनु हुन्छ , गोपेश्वर प्रा.वि.का शिक्षक सृजना खनाल ।

कुमाल बालबालिकाले प्राप्त गरेका छात्रवृत्ति उनीहरुलाई अभिभावकले दुरुपयोग नगरुन् र अन्य आवश्यकतामा खर्च नगरुन भनेर व्यवस्थापन समितिको निर्णय गराई कपी, कलम, झोला, पोशाक दिने गरिएको बताउनु हुन्छ । मथुरा र गोपेश्वर प्राथमिक विद्यालयका शिक्षकहरु यसको लागि ग्रिनसिड संस्थाको सहयोग स्वरुप प्राप्त शैक्षिक सामाग्री प्रयोग गरिएको तर जि.शि.का. छात्रवृत्तिको भने नगदमा नै विद्यार्थी वा उनीहरुको अभिभावक मध्ये पनि आमालाई मात्र उपलब्ध गराइएको बताउनु हुन्छ ।

छात्रवृति पाएका र नपाएका विद्यार्थी वीचको शैक्षिक उपलब्धी स्तर फरक पाइयो । पाएकाहरुले विद्यालय नियमित आउने र परीक्षामा पनि अन्य नपाएका भन्दा राम्रो गरेको बताउनु हुन्छ ।

कुमालहरु जो कमजोर आर्थिक अवस्था भएको अविभावक अशिक्षित र चेतनाको कमी भएका अभिभावकका छोरा छोरीले वीचमा पढाइ छाडेको पाइयो । विद्यालय जाने प्रश्न गर्दा पढेर के हुन्छ र जागिर हामीले पाइने हैन । ठूला मान्छेका छोरा छोरीले मात्र पाउँछन् भन्ने जस्ता कुरा सुनाउने बताउनु हुन्छ । कुमालको बाबु भन्दा आमाहरुले आफ्ना छोराछोरीको शिक्षामा बढि जोड दिएको पाइयो ।

कुमालको परम्परागत पेशा माटाका भाडा बनाउने काम त छोडि सके तर माछा मार्ने र मजदुरीमा जाने गर्दा विद्यार्थीहरु घरमा भाइ बहिनी हेर्ने, काम गर्ने, होटल मजदुरी तथा घरेलु मजदुर बन्ने कारणले पढाइ बीचैमा छुटाउने, अनियमित हुने र उपलब्धीमा कमी हुने कुरा बताउनु हुन्छ ।

कुमालहरुको प्राथमिक विद्यालय पँहुचमा बाधक तत्वहरु बुँदागत रुपमा अभिभावक शिक्षाको कमी, गरिवी, धेरै सन्तान र आधारभुत आवश्यकता पुरा गर्न रोजगारीको समस्या तथा शिक्षा र रोजगार बीचको सम्बन्ध अर्थात व्यावसायिक आत्मनिर्भर हुने शिक्षाको कमी बताउनु हुन्छ ।

कुमाल समुदायका बालबालिकाको प्राथमिक पँहुच बृद्धिदर गर्नको लागि दिएको सल्लाहमा सबैभन्दा बढी अभिभावकको शैक्षिक चेतना बृद्धिको लागि अनौपचारिक शिक्षा प्रदान गर्ने, रोजगारी उपलब्ध गराउनुपर्ने, छोराछोरी पढाउने कुमाललाई उत्प्रेरणा प्रदान गर्ने, कुमालका लागि विशेष छात्रवृत्ति वितरण गर्न सरकारले सबै कुमाल विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्ने, स्वास्थ्य र सरसफाई तथा घरमा शैक्षिक वातावरण बृद्धि गर्न सरकारी, गैरसरकारी निकाय, विद्यालय र स्थानीय निकाय र सरोकारवालाहरुले पहल गर्नुपर्ने बताउनु हुन्छ ।

### ४.४. छनौटमा परेका अविभावकसँग गरिएको छलफल विवरण

बालबालिका पढाउनु पर्छ भन्ने प्रेरणा स्रोतका बारेमा प्रश्न गर्दा पढेका मान्छे बाठा हुन्छन् । पढेकाले जीवन निर्वाह राम्रो गर्छन । व्यवस्थित र सुखी परिवार हुन र बनाउन सक्छन् भन्ने कुरा बताए ।

विद्यालय उमेरका छोराछोरीहरु विद्यालय नपठाउने अभिभावकहरुले निराशावादी मनोविज्ञानमा "हामी गरीव छौ पढाउन सकिन्न । पढिहाले पनि हामीलाई जागिर (रोजगार) कसले पो दिन्छ र सबै ठूलाबडाका छोराछोरी हुने हुन् जुन व्यवस्था र जुन पार्टी भएपनि गरीवका दिन आउन्न" भन्ने अभिव्यक्ति पाइयो ।

पढ्न पठाउनु पर्दछ कि पर्दैन भन्ने प्रश्नमा सवै जनाबाट पर्छ भन्ने जवाफ आयो । किन ? भन्ने प्रश्नमा, आफ्नो व्यावहारिक घरायसी कामकै लागि, चनाखो र शिक्षित बनाउन भन्ने केहि अभिभावकको उत्तर आयो ।

कति कक्षा पढाउनु हुने विचार छ ? भनि सोध्दा अशिक्षित अभिभावकले कक्षा ५ सम्म र शिक्षितले भने एस.एल.सी वा प्रवीणता प्रमाण पत्र तहसम्म भन्ने उत्तर दिए ।

बालबालिका नियमित विद्यालय पठाउने वा नपठाउने भन्ने प्रश्नको उत्तरमा अशिक्षित अभिभावकहरुले घरका काम भएका वेला नपठाउने जवाफ दिए भने थोरैले आफुले दुःख गरेर पनि विद्यालया नियमित पढ्न पठाउने जवाफ दिए ।

पढाइको स्तरका वारेमा बालबालिकाका अभिभावकसँग प्रश्न गर्दा अशिक्षित अभिभावकले आफूलाई त्यति जानकारी नभएको जवाफ दिए भने सचेतहरुले कापी, किताव र उनीहरुको पढाइको ख्याल गरि पढ्ने समय वातावरण दिने बताए ।

घरमा काम लगाउने सम्वन्धमा कुमाल अभिभावकहरुले खनजोत गर्न, भारी वोक्न, रोपाई गर्न, खेती लगाउन तथा घरायसी काममा लगाउने बताए ।

अध्ययन वीचमा छाडे नछाडेको विषयमा प्रश्न गर्दा २ जना अभिभावकहरुले आफ्ना छोराछोरी ३ कक्षासम्म पढेर छाडेको बताए ।

पढ्न छाडेकाको रोजगार सोध्दा छोरीहरुलाई घरेलु मजदुरमा लगाएको र छोरालाई विदेश (भारत) पठाएको तथा होटल मजदुरमा भएको अभिभावकले बताए ।

विद्यार्थी स्वयं विद्यालयमा अनियमित हुने प्रश्नको उत्तरमा गृहकार्य नगरेर पनि विद्यालय नजाने, पोशाक र झोला नभएकोले नजाने गरेको पनि बताए ।

विद्यालयले बालबालिकालाई दिनुपर्ने सुविधावारे प्रश्न गर्दा केटी (छात्रा) ले रु. ३००/- छात्रवृत्ति पाए पनि साह्रै थोरै र बर्षमा एक पटक मात्र भएकाले त्यतिले पुग्दैन । बरु छोरा छोरीको कापी, मसी, ड्रेस आदि आवश्यक सामाग्री दिने गरे हुन्थ्यो भन्ने जवाफ पाइयो ।

आफुले गरेको पेशाको सन्तुष्टि वारे सोध्दा सन्तुष्ट छैन भन्ने जवाफ सबैवाट आयो । किनकी माटाका भाँडा विक्री नै हुदैनन् । माछा मार्ने खोलामा पानी र माछा दुवै सुक्दै गएको र सधै नपाइने र फुर्सदमा माछा मार्न गए पनि धेरै कमाइ त नहुने तर घरमै पनि तरकारी खान पाइने बताए ।

उनीहरुको पुर्ख्यौली पेशा बाल बच्चालाई नसिकाएको किनकी यसवाट (माटाका भाँडावाट) जीवन निर्वाह गर्न गाह्रो हुने । विक्री गर्न पनि समस्या र माग कम भएकाले नसिकाएको भन्ने जवाफ पाइयो ।

जागिर खाएकालाई सोध्दा १ जना मात्र राहत प्रा.वि. शिक्षिकाको रुपमा रहेको र अन्य २ जनाले प्रेरणा संस्था (गैरसरकारी संस्था) मा काम गरेको पाइयो ।

वैदेशिक रोजगारमा गएकाको वारेमा प्रश्न गर्दा कतार, साउदी अरव र भारत गएका भेटिए । उनीहरु सवै विद्यालयमा शिक्षा छाडेर गएका भन्ने उत्तर आयो ।

वैदेशिक रोजगारमा जाने प्रवृत्ति रोक्न स्वदेशमा नै रोजागारको प्रशस्त व्यवस्था गर्नुपर्ने, पढेकाहरुले योग्यता र क्षमता अनुसार रोजगार गर्नुपर्ने, शिक्षा राज्यले नै अनिवार्य र निःशुल्क गर्नुपर्ने समेत जवाफ पाइयो ।

विद्यालय जान नपाएका बालबालिकाहरुलाई विद्यालय पठाउन अभिभावकको चेतनाको स्तर वृद्धि गर्न प्रशिक्षण, प्रौढ शिक्षा, नियमित पढाउने र सबै छोराछारी पढाउने अभिभावकलाई प्रोत्साहनको लागि नगद तथा जिन्सी सहयोग गर्नुपर्ने जवाफ आयो ।

**४.५ विद्यार्थीसँग गरिएको छलफलवाट प्राप्त विवरण**

विद्यालय जान मन लाग्ने नलाग्ने प्रश्नमा विद्यार्थीहरु मन लाग्ने उत्तर दिए मन नलाग्ने भन्ने १/२ जनाले आफुले विद्यालयमा साथीहरु र शिक्षकहरुवाट अपहेलना महसुस गर्नुपरेका कुरा गरे ।

विद्यालय नियमित जाने गरेका छौ ? को वैकल्पिक उत्तर छ वा छैन मा नियमित छैन भन्ने उत्तर अधिकांश कुमाल विद्यार्थीवाट आयो । अनयिमित किन भन्ने कारण सोध्दा भाइ बहिनी हेर्नुपर्छ, बा-आमा काममा जानुहुन्छ । अनि स्कुल नजान भन्नुहुन्छ । कसैले आफै पनि काम गर्न जाने गरेकाले पनि नियमित सधै विद्यालय जान नसकेको बताए । १२ वर्षको अर्जुन कुमालले आफूले जोत्न जाने गरेको बताए भने छात्रा शान्ताले आफु १३ बर्षको भएको र रोपाई गर्न गई पैसा कमाएको बताइन् ।

प्राय: रातिको समयमा पढ्ने र बाबु आमाले छोरालाई छोरीलाई भन्दा बढी महत्व दिने र रेखदेख र शिक्षा आदिका कुरामा विभेद गर्ने गरेको भन्ने जवाफ दिएका थिए । शिक्षकको व्यवहारमा सबैले मनपर्ने वा नपर्ने प्रष्ट नबताए पनि उनीहरुले आफूलाई उपल्ला र सम्पन्न जातको तुलनामा विभेद गरेको बताए ।

विद्यालयले विद्यार्थीको अध्ययनको सुविधाको लागि सहयोग प्रदान गरेको छ भन्ने प्रश्नमा बलेवाङ प्रा.वि.मा अन्य निजी छात्रावृत्ति कोष नभएका र सरकारी छात्रबृत्ति मात्र पाएको हुनाले बर्षमा एक पटक केटीहरुलाई पैसा दिनुभएको थियो भन्ने उत्तर दिए भने मथुरा नि.मा.वि. र गोपेश्वर प्रा.वि.का विद्यार्थीहरुले सरहरुले छानेर नगद, ड्रेस, शैक्षिक सामाग्री, झोला, कापी, कलम पनि पाएका कुराहरु गरे । उनीहरुले आफूले कहाँबाट र के मार्फत् पाएको भन्ने सबैले नजाने पनि पिताम्बर भट्टराई अक्षयकोष, झविलाल डिलकुमारी अक्षयकोष र ग्रिनसिड छात्रवृत्ति कोषबाट आफूले पाएको तथा सरकारी छात्रवृत्ति पनि पाएको कुरा बताए ।

विद्यालय शिक्षा प्राप्त गर्न वा पहुँच पाउन नसकेको कारण वारे प्रश्न गर्दा आर्थिक अभावको कारण भर्ना गर्न तथा ड्रेससम्म जुटाउन नसकेको, धेरै बालबच्चा भएकाले सवैलाई भर्ना गर्न नसकेको वा समयमै भर्ना हुन नसकेको बताए ।

नियमित उपस्थित हुनका लागि बाधक तत्वहरु के के छन् भन्ने प्रश्नमा घरमा काम गर्नुपर्ने, भाइ बहिनी हेर्नुपर्ने, बा-आमाले नै विद्यालय जानलाई रोक्ने गरेको बताए । सँधै गएको विद्यालय कहिलेकाही नगए पनि हुन्छ भन्ने जस्ता कुरा अभिभावकले भन्ने गरेको बताए ।

आफूले प्राप्त गरेको अंकको वारेमा प्रश्न गर्दा आफू संतुष्ट नभएको बताउँछन् । किन कि आफ्नो अंक कम आएको आफूले राम्रो अंक ल्याउन नसकेकोले फेरी अर्को पालीमा राम्रो गर्न खोज्नेछु भनी बताउँछन् ।

आफ्नो कक्षाको अरु समुदाय र आफ्नो तुलना गर्दा अरु समुदायका विद्यार्थीहरु नियमित विद्यालय आउने, सवै शैक्षिक सामाग्री कापी, किताव, झोला, कलम आदि राम्रो र पर्याप्त हुन्छ भन्दछन् । घरमा अध्ययन गर्ने समय सम्वन्धमा अरुहरुले दिँउसो विहान पनि अध्ययन गर्न पाउने तर आफूले रातिको समयमा मात्र एकै छिन अध्ययन गर्ने, कापी, किताव, झोला र कलम पनि पर्याप्त नभएको परीक्षाको तयारी गर्ने वेला पनि आफुले पर्याप्त समय नपाउने, काम गर्नु पर्ने आदि अवस्थाले परीक्षाको तयारीमा बाधा पुगेको बताउँछन् । अतिरिक्त क्रियाकलापमा भाग लिन आफुले मन भए पनि घरमा अध्ययन गर्न नपाएकाले डरलाग्ने (आत्मा विश्वास) नहुने बताउँछन् ।

कुमाल विद्यार्थीको शैक्षिक अवस्था सुधार गर्न सरकारी तर्फबाट कुमाल छात्र छात्राको लागि छुट्टै विशेष व्यवस्था गर्नु पर्ने र कुमाललाई पनि अन्य दलित समुदायलाई जस्तै पिछडिएको समुदाय भनि छात्रवृति प्रदान गर्नु पर्ने । अभिभावकमा जनचेतना फिजाई सानो परिवार बनाउन प्रोत्साहन गर्ने र बालवच्चालाई पढाउनको लागि पनि प्रोत्साहन गर्नु पर्ने । शिक्षितहरुलाई रोजगार उपलब्ध गराउनु पर्ने । शिक्षा व्यवसायिक र व्यवहारिक हुनु पर्ने भन्ने उत्तर दिए ।

कुमालहरुको परम्परागत पेशा माटाका भाडा बनाउने तथा अन्य काम जानेका छौ त भन्ने प्रश्नमा माटाका भाँडा बनाउन बुवाहरुले छाड्न थाल्नु भयो सिकाउनु पनि भएन । तर जोत्न र माछा मार्न तथा केटीहरुले घरको काम गर्न जानेका कुराहरु बताए ।

पुस्तकले माटाका भाँडा बनाउन सहयोग गरे नगरेको बारेमा प्रश्न गर्दा कुनै पनि पेशा पुस्तकले आफूलाई सिकाएको छैन अक्षर सिकाएको छ । पढेकाहरुले त काम गर्न हुदैन भन्ने श्रमप्रति नै सकारात्मक नभएको कुरा अभिव्यक्त गरे ।

# अध्याय पाँच

## प्राप्ति, निष्कर्ष र सुझावहरु

प्रस्तुत सोध अध्ययनमा कुमाल जातिको बसोवास रहेको अर्घाखाँची जिल्लाको वाङ्गला ९ र पाली गा.वि.स.९ को बलेवाङ्गका कुमाल बालवालिकाको प्राथमिक शिक्षामा पहुँचको बारेमा अध्ययन गरिएको छ । अध्ययनको क्रममा उद्देश्यलाई पुरा गर्नको लागि निश्चित विषयवस्तुको अध्ययन तथा सकेसम्म तथ्यपरक सूचनाको संकलन र विश्लेषण गरिएको छ । यस अध्ययनको प्राप्ति, निष्कर्ष र सुझावहरुलाई निम्नानुसार क्रमिक रुपमा प्रस्तुत गरिएको छ ।

### ५.१ प्राप्ति :-

यस सोध अध्ययनमा समय र स्रोतलाई ध्यानमा राखि उद्देश्यमूलक नमूना क्षेत्र छनौटको आधारमा अर्घाखाँची जिल्लाको वाङ्गला ९ र पाली ९ मा पर्ने बलेवाङ्गमा बसोवास गर्ने कुमाल जातिका बालबालिकाहरुको प्राथमिक विद्यालयमा पहुँचको लागि उनीहरुले अध्ययन गर्ने ३ वटा विद्यालय मथुरा नि.मा.वि., गोपेश्वर प्रा.वि. र वलेवाङ प्रा.वि.वाट सूचनाहरु संकलन गरिएको थियो । अध्ययनको क्रममा सूचना संकलनको लागि कुमाल बस्तीको घर-घरमा गई घरमुलीबाट सूचना संकलन गरिएको थियो । त्यस्तै तीन वटा विद्यालयमा अध्ययन गर्ने कुमाल विद्यार्थीहरुको भर्ना, उपस्थिति, नियमितता, अध्ययनमा सक्रियता र उपलव्धी समेतको अध्ययन गरिएको थियो । त्यसका लागि तीनवटै विद्यालयका प्र.अ. संग अन्तरवार्ता, प्रत्येक विद्यालयका २/२ जना शिक्षक (महिला पुरुष) संग अन्तरवार्ता, अभिभावकसंग छलफल र विद्यार्थीसंग छलफल प्रश्नोत्तर गरि तथ्याङ्क संकलन गरिएको थियो । यस अध्ययनमा प्राथमिक स्रोत र माध्यमिक स्रोतको रुपमा सूचना संकलन गरि शुद्धिकरण, सांकेतिकरण र प्रस्तुतिकरण गरि विश्लेषण र विवेचना गरिएको छ । अध्ययनको मुख्य-मुख्य प्राप्तीलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

- ❖ वलेवाङ्गमा बसोवास गर्ने वाङला गा.वि.स. वार्ड नं. ९ मा ३९ घरधुरी र पाली गा.वि.स. वार्ड नं.९ मा ९१ घरधुरी गरि जम्मा १३० घरधुरी कुमालको कुल जनसंख्या ७५६ मा १५ वर्ष माथिका ९८ र विद्यालयका उमेरका ११६ गरि कुल जम्मा २१४ अर्थात २८.३०% निरक्षर र ७१.७०% साक्षर पाइयो ।
- ❖ कुमाल समुदायको साक्षरता प्रतिशत ७१.७०% देखिएता पनि अझै पनि ठुलो संख्यामा जुन प्राथमिक उमेरका विद्यार्थीहरु ५-९ बर्षको प्राथमिक विद्यालय वाहिर रहेका देखिन्छन् । यसैले प्राथमिक विद्यालयमा कुमाल विद्यार्थी संख्या प्राथमिक विद्यालय उमेर ५ देखि ९ वर्ष भन्दा बढी उमेरका हुने र खास उमेर ५ देखि ९ वर्षका विद्यालय पहुँच वाहिर रहेको देखियो ।
- ❖ ५ देखि ९ वर्षका १४१ विद्यार्थी मध्ये ४७ जना विद्यालय जान नपाएका अर्थात ६६.६६ % मात्र विद्यालय गएका र वाँकी ३३.३३ % विद्यालय पहुँच बाहिर रहेको पाइयो । यसमध्ये पुरुष ३४.७८% अर्थात १६ जना र महिला ६५.२२% अर्थात ३० जना पाइयो ।

❖ वलेवाङका कुमाल समुदायहरुको बर्तमान शैक्षिक अवस्थालई हेर्दा सामान्य लेखपढ गर्ने १४६ जना कक्षा ५ उत्तीर्ण गर्ने २७ जना कक्षा ८ उत्तीर्ण गर्ने १३ जना टेष्ट उत्तीर्ण गर्ने १ जना एस.एल.सी. पास ५ जना प्रमाणपत्र तह पुरा गर्ने ५ जना पाइयो भने स्नातक तह पढ्दै गरेको एक जना महिला मात्र पाइयो । पुरुष भन्दा महिलाहरु बढि संख्यामा निरक्षर अर्थात निरक्षर ९८ मध्ये महिला ८५ जना र पुरुष १३ जना पाइयो ।

❖ विद्यालय उमेरका विद्यार्थीहरु तहगत रुपमा ५ देखि ९ बर्षका प्राथमिक विद्यालय तहका विद्यार्थी ठूलो संख्यामा विद्यालय वाहिर रहेका तर प्राथमिक विद्यालयमा ९ बर्ष माथिको जनसंख्याहरु रहेको पाइयो । अर्थात ढिलो गरि ८/९ बर्षको उमेरमा विद्यालय भर्ना भएको पाइयो । ९ वर्ष माथिका प्राथमिक विद्यालयका महिला ८३ अर्थात ६४.३४% र पुरुषहरु ८२ अर्थात ६२.५९% र कुलमा ६३.४६% पाइयो ।

❖ प्रा.वि. विद्यालय उमेर बालबालिका विद्यालय जानुको कारण वारे विभिन्न ब्याक्तिसंग छलफल गर्दा निम्न कारणहरु भेटिए

- कुमाल बालबालिकाहरुलाई साक्षर मात्र भए पनि बनाउनु पर्ने
- अरु जातिका पढ्नाले टाठाबाठा भएकाले बाठो बनाउन ( जस्तै ब्राह्मण जाति )
- आफूले निरक्षर हुँदा पाएको दुःख र अनुभवका कारणले
- विद्यालय नजिकै भएकाले
- छात्रवृतिको आशाले
- पछि राम्ररी आफ्नो जीवन सुखसंग चलाओस् भनेर आदि ।

❖ बलबालिका विद्यालय नजानुको कारण पत्ता लगाउन विभिन्न व्याक्तिसंग गरिएको छलफलको निष्कर्ष

- ➢ गरिवीको कारण
- ➢ चेतनाको कारण
- ➢ घरको काम सानै भए पनि सघाउनु पर्ने(जस्तै भाई बहिनी हेरचाह गर्ने)
- ➢ पढाएर रोजगार लगायतका आम्दानीका स्रोत हाम्रो समुदायले पाउन सक्ने छैन भन्ने रुढी ग्रस्त मनोविज्ञान आदि कारण पाइयो ।

❖ अन्य तहमा भन्दा प्राथमिक तहमा केहि विद्यार्थी भर्ना बढि भएका तर विस्तारै माथिल्लो तह निम्न माध्यमिक, माध्यमिक र उच्च शिक्षामा जाँदा भर्ना हुने र पास हुने संख्या घट्दै गएको पाइयो ।

❖ कक्षा अवलोकन गर्दा कुमाल बालबालिकाहरु अन्य जातिको तुलनामा सफाई कम भएका, हृष्टपुष्ट र स्वस्थ्य नभई उनीहरु उदासिन देखिएका प्राय कुमाल बालबालिका पछाडि र कुनामा बस्ने गरेको पाइयो भने मथुरा नि.मा.वि.का र गोपेश्वर प्रा.वि.को दाँजोमा कुमाल समुदायकै वीचमा र नजिक पर्ने बलेवाङ प्रा.वि.को ब्यावस्थापन कमजोर भएको, झ्यालढोका नभएको, कालोपाटि चम्किलो नभएको, भुईमा धुलो भएको तथा विद्यालय भवनकै आँगनवाट मोटर वाटो भएकोले गाडिहरुको आवाजले विद्यार्थी र शिक्षकको ध्यान भंग गरिदिएको समेत पाइयो ।

❖ प्र.अ.सँग अन्तरवार्ता गर्दा कुमाल विद्यार्थीहरु विद्यालय भर्ना गर्न अभियान चलाए पनि सम्पूर्ण भर्ना हुन नआएका, भर्ना भएकाहरुले पनि नियमितता नदिएका, विद्यालय छोड्ने दर पनि धेरै रहेको भन्ने पाइयो ।

उनीहरुलाई नियमित बनाउन र पँहुच बढाउन पढ्ने प्रेरणा दिने छात्रावृत्ति दिने, आदि गरिए पनि कुमाल समुदायलाई भनेरै छुट्टै छात्रावृत्ति रकम प्राप्त नभएको त्यसैले छात्राहरुले छात्रवृत्ति पाए पनि छात्रहरुले छात्रवृत्ति पाउन नसकेका र छोराछोरीको पढाई प्रति अभिभावकले चासो नदेखाएको बताउनु भयो । वीचमा पढाई छाड्ने कारण वारेमा जानकारी लिदा आर्थिक कारण, चेतनाको कारण र जीविकाको लागि पेशा रोजगार गर्नुपर्ने बाध्यताले विद्यालयमा पठाउन नसकेको भन्ने पाइयो ।

- ❖ प्रत्येक विद्यालयका २/२ जना शिक्षकसंग कुमाल र अन्य बालबालिकाको वारेमा प्रश्न गर्दा बालबालिकाहरु फोहरो, उदास कमजोर र ठूलो उमेर भएपछि विद्यालय आउने विद्यालय नियमित नहुने अतिरिक्त क्रियाकलापमा कम सक्रिय हुने र अन्य विद्यार्थीको दाँजोमा औषत उपलब्धि पनि कम ल्याउने कुरा थाहा भयो तथा उत्कृष्ट विद्यार्थीहरु मध्ये कुमालहरु नपर्ने तथा अन्य जातिका विद्यार्थीहरु नै उत्कृष्ट र नियमित हुने बताएको पाइयो । जस्तैः गोपेश्वर प्रा.वि.मा कक्षा १-५ सम्म नै हेर्दा सुधा भट्टराई ८१.६६%, नविना अधिकारी ८१%, दिपेन्द्र पाण्डे ८०% को उपलब्धि हासिल गरे तर कुमाल समुदायका विद्यार्थी जनक कुमाल ७५%, बलबहादुर कुमाल ७५% र नन्द कुमालले ७४% मात्र उपलब्धि हासिल गरेको पाइयो । यसै गरि कुमाल समुदायकै बीचमा रहेको विद्यालय बलेवाङ प्रा.वि.मा कुमाल विद्यार्थीको संख्या धेरै भएको तर नगन्य अन्य समुदायका विद्यार्थी रहेको भए पनि अन्य समुदायकै विद्यार्थी हरि श्रेष्ठ प्रथम भएको पाइयो । यो प्रक्रिया कक्षा कार्य, गृह कार्य र अतिरिक्त क्रियाकलापमा पनि भेटियो । जुन विद्यार्थी सम्वन्धी लिइएको विद्यालय दस्तावेज अध्ययनवाट पनि थाहा पाइन्छ । यसको मुख्य कारण चेतना, आर्थिक स्थिति, सामाजिक परिवेश, पेशा रोजगारको खोजी आदि कारण भएको बताउनु भयो ।
- ❖ यसै गरि अभिभावकसंग छलफल गर्दा आफूले बच्चाहरु प्राथमिक विद्यालय सम्म पढाउनु पर्छ । किनकी अक्षर चिन्ने र सामान्य घरायसी हिसाव जान्ने भए पुग्छ । धेरै पढाउन आर्थिक स्थिति राम्रो छैन, काम गर्नुपर्छ, सधै विद्यालय गएर कहिलेकाहि घरमा सहयोग गर्नुपर्ने, पढेर हामीलाई के लाभ भयो र आफ्नो पेशा चलाउने कुनै उपाय नभएकोले धेरै पढ्न नसक्ने र सबैलाई विद्यालय भर्ना गर्न पनि नसकेको कुरा पाइयो । उनीहरु पढेपछि रोजगार पाउन चाहन्छन् । आर्थिक अवस्था उचाल्ने र आफ्नो पेशा रोजगार सुरक्षित हुने शिक्षा चाहन्छन् ।
- ❖ यस्तै विद्यार्थीहरुसँग छलफल गर्दा विद्यालयमा अरु जातिकाहरुले घरमा पढ्ने समय पाउने, राम्रा शैक्षिक सामाग्री पाउने काम घरमा गर्नु नपर्ने कुरा बताए भने कुमालहरुको घरमा वत्तिसम्म हुँदैन, कापी कलम किताबमा बाबा आमाले खर्च कम गर्न लगाउने, भाईबहिनी हेर्नुपर्ने घाँस काट्ने गाइबस्तु चराउनु पर्ने र ठूलाहरु मेलापात जानुपर्ने कुरा बताए । उनीहरुले आफूहरुलाई पढ्न र खान पुग्ने व्यबस्था गरिदिए हुन्थ्यो भन्ने गरेको पाइयो । केटा विद्यार्थीले आफुहरुलाई छात्रवृत्ति पनि नदिएको वताए । जस्तो दलितहरुले पाएका छन् । गरिव भएकाले राम्रो कपडा लगाउन नसक्ने घरमा र विद्यालयमा एक जोर कपडाले काम चलाउनु पर्ने, सधै विद्यालय जान नपाउनले र घरमा गृहकार्य गर्न समय नपाउनले राम्रो अंक आउन नसकेको बताएको पाइयो । उनीहरुले आफूले पढेपछि रोजगार पाउन चाहन्छन् । उनीहरुले प्राप्त गर्ने छात्रवृत्तिले पढ्न पुग्ने हुनुपर्छ भन्ने चाहन्छन् । उनीहरुले अभिभावकहरुलाई पनि शिक्षा दिएर पढाई प्रति उत्प्रेरण जगाउनु पर्ने कुरा व्यक्त गरेको पाइयो ।

## ५.२ निष्कर्ष

यस अध्ययनको उद्देश्य वाङला गा.वि.स.वार्ड नं.९ र पाली गा.वि.स. वार्ड नं. ९ वलेवाङ्गका कुमाल जातिका बालबालिका प्राथमिक विद्यालय पँहुचको स्थिति पत्ता लगाउनु र अन्य जातिका विद्यार्थीको दाजोमा कुमाल विद्यार्थीहरुका कक्षा उपस्थिति क्रियाकलाप र शैक्षिक उपलब्धीको अवस्था पहिचान गर्नु रहेको थियो ।

उल्लेखित उद्देश्य अनुसार अध्ययनवाट निम्न निष्कर्ष निकालिएको महसुस गरिएको छ ।

- बलेवाङ्गमा बसोवास गर्ने कुमालहरुको प्राथमिक विद्यालयको पँहुचको अवस्था विश्लेषण गर्दा कमजोर रहेको पाइयो । अर्थात भर्ना भएका कुमाल विद्यार्थी जम्मा २६० मध्ये परीक्षामा सहभागी २१५ जना र उतीर्ण १२० जना भएकाले ४५ जना (१७.३०%) विद्यार्थीले विद्यालय पढ्न छाडेको पाइयो ।
- प्राथमिक विद्यालयमा प्राथमिक उमेर ५-९ बर्षका विद्यार्थीहरुको एकतिहाई जनसंख्या विद्यालय पहुँच बाहिर रहेको पाइयो । यस कारण खुद भर्नादरमा पनि कमी पाइयो ।
- कुमाल समुदायको चेतना स्तर, आर्थिक अवस्था, परम्परागत रुढिवादी जीवन शैली आदिको कारणले शिक्षा प्राप्त गर्न वाधक वनेको पाइयो ।
- अन्य जातिका विद्यार्थी भन्दा कुमाल जातिका विद्यार्थीको कक्षा उपस्थिति निकै कम दर, विद्यालयका अतिरिक्त क्रियाकलापमा पनि सहभागितामा कमी, उपलब्धी दर कमजोर तथा अनुर्त्तीण र विद्यालय छाड्ने दर बढि पाइयो ।
- कुमाल समुदायमा शिक्षा प्रति उदासिन भावना, शिक्षाको महत्वबोधको कमी र परम्परागत तथा रुढिवादवाट ग्रस्त  अभिभावकहरुका कारणले निरक्षरता बढि र विद्यालय पँहुच बाहिर ठूलो जनसंख्या रहेका पाइयो ।
- आर्थिक अवस्था तथा शैक्षिक स्थितिमा पछाडि परेका कुमाल समुदायको उत्थानको लागि स्थानीय निकाय गा.वि.स. र जि.वि.स तथा गैर सरकारी संस्था कुनैवाट पनि सहयोग नगरेको पाइयो ।
- कुमाल अभिभावकको चेतना विकास गर्न गाउँ शिक्षा समिति तथा विद्यालय व्यवस्थापन समितिमा कुमाल समुदायको प्रतिनिधित्व गराउनु पर्ने । गाउँ विकास समिति र जिल्ला विकास समितिबाट बजेट विनियोजन गरी कुमाल बालबालिकको विद्यालय आकर्षणका लागि छात्रवृत्तिको थप सुविधा, दिवा खाजाको व्यवस्था, पोशाक र शैक्षिक सामाग्रीको व्यवस्था र आवासीय सुविधा सहितको विद्यालय व्यवस्था गर्नुपर्ने देखिन्छ ।
- विद्यालय व्यवस्थापन समितिले कुमाल बालबालिकाहरुको शैक्षिक पहुँच बढाउन विद्यालयहरुमा कुमाल बालबालिकाहरुलाई आकर्षण गर्न भर्ना नियमितता र उपलबधी बढाउनको लागि अभिभावक भेला गरी छात्रवृत्ति, पोशाक, झोला, शैक्षिक सामाग्री वितरण गर्नुपर्ने देखिन्छ ।
- गाउँ शिक्षा समितिले गैरसरकारी संस्था र जिल्ला शिक्षा कार्यालयको सहयोगमा शैक्षिक जागरणका कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ ।
- कुमाल समुदायमा शिक्षाको पँहुच बढाउन चेतनामुलक कार्यक्रम, साक्षरता शिक्षा, अनिवार्य भर्ना अभियान र परम्परागत पेशालाई आधुनिकीकरण गरि आय आर्जन हुने कार्यक्रम, विद्यालय आकर्षित गर्ने, थप प्रभावकारी कार्यक्रम, कुमालको लागि छात्रवृत्तिको विशेष व्यवस्था, स्वरोजगार मुलक तालिमको आवश्यकता पाइयो ।

## ५.३ सुझावहरु

नेपालको शैक्षिक प्रणालीमा रहेको विद्यमान समस्याहरु मध्ये पिछडिएको तथा लोपउन्मुख जातिहरुको शिक्षामा समान सहभागिता पुऱ्याउन नसक्नु एउटा चुनौतिपूर्ण समस्या हो । कुमाल जाति पनि आफ्नो छुट्टै पहिचान बोकेको जनजाति हो । कुन भौगोलिक अवस्थाका कुन जनजातिको शैक्षिक अवस्था के कस्तो छ भन्ने कुरा वारेमा अध्ययन गर्नु र समस्या समाधानका उपायहरु खोज्नु आजको आबश्यकता हो ।

यस अर्घाखाँची जिल्ला वाङ्गला गा.वि.स.वार्ड नं.९ र पाली गा.वि.स. वार्ड नं. ९ मापर्ने बलेवाङ्गमा वसोवास गर्ने कुमाल जातिको प्राथमिक तहमा शैक्षिक पँहुच वारे गरिएको अध्ययनवाट प्राप्त जानकारीको आधारमा निम्न सुझावहरु प्रस्तुत गरिएको छ ।

- ❖ कुमाल अभिभावकहरुमा चेतनाको अभाव देखिएकोले स्थानीय निकाय एंव जनजाति राष्ट्रिय प्रतिष्ठान लगायतका संस्थाहरुले विशेष कार्यक्रमका साथ शिक्षक बुद्धिजिवी तथा समाजसेवीको नेतृत्वमा सभा, गोष्ठी छलफलको लागि योजना तर्जुमा तथा कार्यान्वयन गर्ने साथै घरदैलो शैक्षिकजागरण गर्ने र शिक्षाप्रति सकारात्मक भावना दिने खालका सडक नाटक साँस्कृतिक कार्यक्रम आदिबाट जनचेतना वृद्धि गर्नुपर्ने देखिन्छ ।
- ❖ बलेवाङ्गका कुमाल समुदायमा १५ वर्ष माथिका जनसंख्यालाई साक्षर बनाउनको लागि प्रौढ कक्षा तथा ब्यावसायिक आयआर्जन गर्ने खालका कार्यक्रममा अनिवार्य सहभागि गराउनुको लागि जिल्ला शिक्षा समिति, जिल्ला शिक्षा कार्यालय, गैरसरकारी संस्थाले भूमिका खेल्नुपर्ने देखिन्छ ।
